अर्थतन्त्र चलायमान बनाउने ढङ्गले बजेट... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४ • २०८० साल जेठ ३० गते मंगलबार (13 June, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## दुर्घटना हुनबाट जोगियो बुद्ध एयरको प्लेन



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामबाट उडान भर्न लागेको बुद्ध एयरको विमान दुर्घटना हुनबाट जोगिएको छ।

सोमबार साँझ पाँच बजेर २० मिनेटको बुद्ध एयरको ५०८ नम्बरको विमान दुर्घटना हुनबाट जोगिएको छ।

निर्धारित समयभन्दा १५ मिनेट ढिलो गरी जनकपुरधामबाट काठमाण्डुको लागि उडान भर्न लाग्दा विमानको इञ्जिनमा धुँवा आएको थियो । धुँवा र गन्ध आएको देखिएपछि तत्काल उडानलाई रनवेबाट स्थगित गरी पार्किंगमा फर्काइएको थियो।

नागरिक उड्डयन कार्यालय जनकपुरधामका प्रमुख भीम दत्त पन्तका अनुसार विमानको एसीसिष्टमबाट गन्ध आएपछि प्राविधिकहरुले तत्काल उडान स्थगित गर्नुपर्ने बताएपछि उडान स्थगित गरिएको छ। सो विमानका ५३ जना यात्रुहरुलाई अर्को प्लेनमा काठमाण्डु पठाइएको छ भने सामान्य अवस्थामा आएपछि मात्रै विमान उडान गरिने बताए।

यस प्रकारको खराबी आउनु सामान्य कुरो रहेको बताउँदै उनले यसको कारणले भयभीत हुनुपर्ने आवश्यकता नरहेको उनले प्रष्ट पारे।

समयमै चेकजाँचमै समस्या फेला परेकोले सम्भावित दुर्घटनाबाट विमान जोगिएको बताइएको छ।

# लथालिंग राजर्षि जनक विश्वविद्यालय

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारको वेवास्ता र राजनीतिक खिचातानीले राजर्षि जनक विश्वविद्यालयलाई स्थापनाकालको छोटो समयमै आफ्नो अस्तित्व जोगाउन मुस्किल परिरहेको छ।

समयमा पदाधिकारी, कर्मचारी र आवश्यक भौतिक संरचना पाउन नसक्दा ६ वर्षअघि स्थापना भएको छोटो समयमै यो विश्वविद्यालय धराशायी बन्दै गएको छ। विश्वविद्यालय स्थापना भएपछि संस्थापक उपकुलपतिको जिम्मेवारी पाएका प्राध्यापक भरत झाको कार्यकाल सकिएपछि सरकारले विश्वविद्यालयलाई अर्को उपकुलपति दिन सकेको छैन। २०७८ पुस २७ मा संस्थापक उपकुलपति झाको सेवाअवधि सकिएको थियो। त्यसको करीब तीन महिनासम्म विश्वविद्यालय उपकुलपतिविहीन भएको थियो।




तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वविद्यालयको कुलपतिको हैसियतले ०७८ चैत २५ मा शिक्षा, समाज तथा कानुन संकायका डिन प्रा.डा शैलेन्द्रनारायण मल्लिकलाई उपकुलपतिको अतिरिक्त जिम्मेवारी तोकिएको थियो। सोही मितिमा व्यवस्थापन संकायका डिन जुगेश्वर साहलाई रजिस्ट्रारको जिम्मेवारी दिइएको थियो।

उपकुलपतिको अतिरिक्त जिम्मेवारीसमेत प्राप्त गरेका मल्लिकले उमेर हदका कारण २०७९ बैशाख १ मा अनिवार्य अवकाश पाएका थिए। तर, उनले ०७९ फागुन १५ सम्म उपकुलपतिको जिम्मेवारी सम्हालेका थिए। रजिस्ट्रारको जिम्मेवारी पाएका साहको सेवा अवधि ०७९ भदौ १३ मा सकिए पनि १५ फागुनसम्म उक्त पदमा रहेर काम गरेका थिए।

अनिवार्य अवकाश पाउँदा पनि पद नछाडेपछि सोही विश्वविद्यालयका परीक्षा नियन्त्रक डा. बलराम झाले उनीहरूविरुद्ध सर्वोच्च अदालतमा उजुरी दिएका थिए। उक्त उजुरीपश्चात ०७९ फागुन १५ मा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेर उनीहरूलाई विश्वविद्यालयबाट हटाएको थियो।

उपकुलपतिको जिम्मेवारीमा रहेका मल्लिकको उमेर हदका कारण ०७९ वैशाख १ मा अवकाश पाए पनि १५ फागुनसम्म उक्त जिम्मेवारीमै रहेर काम गरे। रजिस्ट्रारको जिम्मेवारी पाएका साह सेवा अवधि सकिएको करीब पाँच महिनासम्म पनि उक्त जिम्मेवारीमै थिए। जसलाई सर्वोच्चले कानुनविपरीत भएको भन्दै हटाएको छ।

विश्वविद्यालय पदाधिकारीविहीन हुँदा विगत चार महिनादेखि शिक्षक, कर्मचारीले तलब पाउन नसकेको शिक्षक रविराज साहले जानकारी दिए।

उनका अनुसार विश्वविद्यालयमा शिक्षकतर्फ उपप्राध्यापक २६ जना, अधिकृतस्तरका ७ जना र सहायक प्रथम स्तरका ८ जना र श्रेणीविहीन ६ जना गरी जम्मा ४७ जनाको दरबन्दी भए पनि अहिले दरबन्दी बमोजिमका शिक्षक कर्मचारी छैनन्। केही अवकाश पाएर गए भने केहीले विश्वविद्यालयको दयनीय अवस्था देखेर वैकल्पिक बाटो रोजेको शिक्षक साहले बताए। अहिले स्थायी प्राध्यापक तीन/चारजना र सोही संख्या कर्मचारी र ३५ जना कोर्स करार शिक्षक कार्यरत रहेको उनले जानकारी दिए।

विश्वविद्यालयको एउटा मात्र आंगिक क्याम्पस छ त्यो पनि प्रमुखविहीन रहेको छ। गत जेठ ८ मा क्याम्पस प्रमुख विनोदकुमार कर्णको दुई बर्से सेवा अवधि सकिएपछि क्याम्पस प्रमुखविहीन बनेको छ।

कर्णले वैशाखमै प्रमुखको पदबाट राजीनामा दिए पनि उपकुलपति नभएका कारण उनको राजीनामा स्वीकृत हुन सकेको थिएन। तर गत जेठमा उनले पनि अवकाश लिएपछि अहिले विश्वविद्यालय लथालिङ्ग र भताभुङ्गको स्थितिमा पुगेको छ। विश्वविद्यालयमा उपकुलपति, डिन र क्याम्पस प्रमुखविहीन भएपछि सबै काम ठप्प बनेका छन्।

क्याम्पस प्रमुख र डिनहरूलाई उपकुलपतिले नियुक्ति गर्ने कानुनी व्यवस्था रहेका कारण पहिला उपकुलपतिको नियुक्त नभइ विश्वविद्यालयको अन्य काम अघि बढ्ने बताइन्छ। विश्वविद्यालयमा करीब ५ सय विद्यार्थी रहेका छन्। विद्यार्थी थोरै भए पनि नतिजा प्रकाशनमा ढिलाइ भइरहेको बताइएको छ।

विश्वविद्यालयको सेवा आयोग पनि लामो समयदेखि खाली छ। आयोगका अध्यक्ष र सदस्यको ०७८ माघ ११ मा चार बर्से सेवा अवधि सकिएपछि हालसम्म उक्त पदमा नियुक्ति भएको छैन।

विश्वविद्यालयमा उपकुलपति नियुक्तिका लागि सरकारले दुई पटक दरखास्त आह्वान गरे पनि हालसम्म नियुक्ति भने गर्न सकेको छैन। पहिलोपटक गत वर्षको भदौ अन्तिम साता दरखास्त आह्वान गरेको शिक्षा मन्त्रालयले पुनः दोस्रो पटक ०८० वैशाख ४ मा दरखास्त आह्वान गरेको छ।

पहिलोपटकको दरखास्त आह्वानमा आवेदन परेर पनि सर्टलिस्टमा सात जनाको नाम परेको थियो। त्यसलाई वेवास्ता गर्दै सरकारले पुन उपकुलपतिको लागि दरखास्त आह्वान गरे पनि अहिले अन्य प्रक्रिया भने अघि बढाएको छैन।

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले उपकुलपति नियुक्ति भएपछि मात्र थाहा हुने बताए। सरकार परिवर्तन भएपछि प्रक्रियामा रहेका सबै कुराहरू पुनः सुरु हुने भएका कारण दुईपटक दरखास्त आह्वान गर्नुपरेको उनको भनाइ छ।

शिक्षा, समाज तथा कानुन संकायका डिन प्रा.डा शैलेन्द्रनारायण मल्लिकले उमेर हदका कारण अनिवार्य अवकाश पाएपछि उक्त संकाय डिनविहीन बनेको छ।

यसैगरी व्यवस्थापन संकायका डिन साहको चार वर्षे सेवा अवधि ०७९ भदौ १३ मै सकिएको थियो। त्यस्तै विज्ञान तथा प्रविधि संकायका डिन श्यामकिशोर महतोको पनि सेवा अवधि भदौ १३ मै सकिएको थियो। यसरी तीन वटै संकाय डिनविहीन बनेका छन्।






# निजगढका लाभग्राहीलाई चेक हस्तान्तरण



**रञ्जन यादव**

कलैया । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बाराको निजगढ नगरपालिकाले सोमबार १ सय ३० जना लाभग्राहीहरुलाई चेक हस्तान्तरण गरेको छ ।

एक कार्यक्रमबीच नगर प्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङले चेक हस्तान्तरण गरी नगरपालिकामा कार्यक्रमको शुभारम्भ गरेका छन् । विपन्न नागरिकहरुका खर, पराल, आसवेटस, विटुमिन, ड्रम, खपटा वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुनसक्ने अन्य सामग्रीबाट छाएका घरका छानालाई विस्थापित गरी जस्तापाताको छाना लगाउन उक्त रकम प्रदान गरिएको छ ।

कार्यक्रममा छनोट भएका लाभग्राहीहरुलाई पहिलो किस्ता बापत रु.४५ हजार उपलब्ध गराइएको निजगढ नगरपालिकाले जनाएको छ ।

लाभग्राहीहरुले पहिलो किस्ता वापतको रकम बुझी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ बमोजिम जस्ताको छाना लगाएपछि प्राविधिकहरुको अनुगमन पश्चात दोश्रो किस्ता बापत रु. ३० हजार रकम उपलब्ध गराइने निजगढ नगरपालिकाको नगर प्रमुख सुरथ पुरीले जानकारी दिए ।

# वातावरण मैत्री विद्यालय

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १७ तेतरियामा रहेको निम्न माध्यमिक विद्यालय वातावरण र प्रविधि मैत्रीतर्फ अघि बढिरहेको छ ।

प्राधानाध्यापक, शिक्षक, स्थानीय जनप्रतिनिधि र अभिभावक एवम् प्रदेश सांसद रामअशिष यादवको परिकल्पना र सहयोगले सो विद्यालय वातावरण र प्रविधि मैत्रीतर्फ अघि बढिरहेको छ।

यसैबीच सांसद यादव, किडि स्मार्ट विद्यालयका कार्यकारी प्रमुख गणेश जोशी,राजनीतिकर्मी रामकुमार शर्माले सो विद्यालयको स्थलगत निरीक्षण गरेका छन् । सो क्रममा वातावरण मैत्री र प्रविधि मैत्री विद्यालयमा वालवालिकाको भविष्य उज्ज्वल हुने कुरा किडि स्मार्ट स्कुलका कार्यकारी



प्रमुख जोशीले जानकारी दिए। विद्यालयका प्राधानाध्यापक रामसुन्दर कामतीको संयोजनमा अतिथिहरुद्वारा विद्यालयमा वातावरण संरक्षणको सन्देश दिदै वुक्षरोपण पनि गरेका थिए।

सो विद्यालयमा प्रदेश सांसद यादवको परिकल्पनामा विद्यालय भवन निर्माण ,चिल्ड्रेन प्ले स्टेसन स्थापना,वातावरण मैत्री विद्यालय र आफ्न्त नेपालको सहयोगमा विधुतीय पुस्तकालय संचालन भएको छ।

# डिप बोर्डिंगबाट पानी आउन छाड्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको गंगासागरको डिलमा रहेको डिप बोर्डिंगबाट पानी आउन छाडेको छ।

२४ घण्टे सफा पानी बग्ने सो बोर्डिंगमा पानी आउन छाडेपछि स्थानीयवासी प्रभावित भएका छन् । पिउने सफा पानीको लागि सो क्षेत्रका व्यापारी व्यवसायी एवम् बटुवा र पर्यटक मात्र होइन दर्जनौ स्थानीयवासीहरुको पनि मुख्य पानीको स्रोतको रुपमा रहेको सो बोर्डिंगबाट एक साता यतादेखि पानी आउन छाडेको स्थानीय कपडा व्यवसायी राजु साहले बताए ।

करीब १० वर्ष अघिसम्म थुप्रै पानी फाल्ने सो बोर्डिंग



अचानक बन्द भएको थियो भने २०७२ साल बैशाखमा गएको ठूलो भूकम्पपछि सो आफै चल्न थालेको थियो ।

करीब ६ सय फिट मुनि रहेको यो बोर्डिंगबाट पानी आउन बन्द हुनुले ठूलो प्राकृतिक संकटको सम्भावनालाई संकेत गरेकोले प्रकृति संरक्षणमा जोड दिनु अहिलेको आवश्यकता रहेको प्रदेश सांसद रामअशिष यादवले बताए ।

सौन्दर्यकरणको नाउँमा पोखरीको चारैतर्फ कंक्रिटको पर्खाल लगाउनु कदापि उचित नरहेको बताउँदै उनले पोखरीको चारैतर्फ वृक्षरोपणमा जोड दिनुपर्ने बताए ।

# आजियाटा र एनसेलद्वारा आइसिएसआइडीको मध्यस्थतासम्बन्धी निर्णय प्राप्त गरेको पुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेल र आजियाटा इन्भेस्टमेन्ट्सले इन्टरनेसनल सेन्टर फर द सेटलमेन्ट अफ इन्भेस्टमेन्ट डिस्प्युट (आइसिएसआइडी) ले आफ्नो मध्यस्थता कारबाहीसम्बन्धी निर्णय दिएको आजियाटा ग्रूप बरहादले पुष्टि गरेको छ।

एनसेलले सोमबार एक विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको छ। 'आजियाटा युके र एनसेलले बेलायत, उत्तरी आयरल्यान्ड र नेपाल सरकारबीच फागुन १९, २०४९ (बिआइटी मध्यस्थता) मा भएको द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौताअनुसार आफ्नो दाबी राख्दै नेपालविरूद्ध आजियाटा युकेले सन् २०१६ मा एनसेलको ८० प्रतिशत सेयर अप्रत्यक्ष रूपमा अधिग्रहण गर्दा नेपालले लगाएको पुँजीगत लाभकर सम्बन्धमा मध्यस्थता गरिदिन दिएको निवेदनका सम्बन्धमा आइसिएसआइडीले आफ्नो मध्यस्थता कारबाहीसम्बन्धी निर्णय दिएको आजियाटा ग्रूप बरहाद पुष्टि गर्छ,' विज्ञप्तिमा भनिएको छ।

आइसीएसआइडी कन्भेन्सन धारा ३७(२)(बी) अनुसार गठन भएको न्यायाधीकरणले जेठ २६, २०८० मा आजियाटा युके र एनसेलले गरेको दाबी खारेज गर्दै आफ्नो निर्णय दिएको हो ।

'न्यायाधीकरणले आफ्नो निर्णयमा अब नेपालले यस कारोबारसँग सम्बन्धित कुनै पनि कर, दस्तुर, जरिवाना वा ब्याज माग गर्न नपाउने संकेत गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'मध्यस्थता प्रक्रियाको प्रारम्भिक चरणमा नेपालले न्यायाधीकरणको आदेशको पालना नगरेकाले आजियाटा युके र एनसेललाई निश्चित रकम भुक्तानी गर्न पनि नेपाललाई आदेश दिइएको छ। यस्तो रकममा आजियाटालाई र एनसेलले लिएको ऋण फिर्ता गर्ने समेत गरी करिब १४ लाख अमेरिकी डलर छ। यो निर्णयअनुसार अब आजियाटा युके र एनसेलले कुनै रकम तिर्न बाँकी छैन।'

आजियाटाले न्यायाधीकरणको निर्णय सम्मान गर्ने र निर्णयका सम्बन्धमा आफ्ना कानुनी सल्लाहकारसँग परामर्श गरिरहेको जनाएको छ । यस विषयमा अद्यावधिक जानकारीहरू पछि घोषणा गरिने पनि आजियाटाले जनाएको छ ।

# वित्तीय साक्षरता कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा महिलाहरुलाई वित्तीय साक्षरता तालिम सुरु भएको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाको आर्थिक सहयोगमा प्रगतिशील बहुउद्देश्य कृषि सहकारी संस्था लिमिटेडले सात दिवसीय तालिम आइतबारदेखि सुरु गरेको छ ।

तालिममा विपन्न, गरीब र कृषक गरी ५५ महिला सहभागी छन् । पालिकाको तर्फबाट दुई र आयोजकको तर्फबाट दुई गरी चार प्रशिक्षकले एक साता सम्म



महिलाहरुलाई वित्तीय साक्षरता सम्बन्धी तालिम दिने बताइएको छ। तालिममा महिलालाई आफ्ना वित्तीय स्रोतको पहिचान, बचत, लगानी र सुरक्षित गर्ने विधि व्यवहार सिकाइने छ। तालिमको मुख्य उद्देश्य पालिकामा रहेको महिलाहरुलाई वित्तीय विषयमा जानकारी दिनु रहेको प्रशिक्षक सरोज कुमार यादवले बताए।

तालिममा बैंक खाता खोल्न विधि, खर्च गर्ने बानी, लगानी, आवश्यकता र पैसाको महत्व बारे महिलाहरुलाई सिकाइने जनाइएको छ। यसले अनुत्पादक खर्च घटेर उत्पादनमूलकमा क्षेत्रमा महिलाको लगानी र घर परिवार आर्थिक रुपमा सबल हुने विश्वास गरिएको छ ।

# सेन्टरलाई सेनेटरी प्याड र मेसिन वितरण




**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले अर्ली चाइल्डहुड डेभलपमेन्ट सेन्टर, बटरफ्लाई होम र जुवेनाइल करेक्सनमा रहेका बालिकाहरूको सरसफाइको आवश्यकतालाई मध्यनजर गर्दै दुई वर्षको सेनेटरी प्याडका साथसाथै तीनवटा सेनेटरी भेन्डिङ मेसिनहरू वितरण गरेको छ।

बैंकले बालिकाहरूको सरसफाइ आवश्यकताहरू सुरक्षित गर्न र उनीहरूले सामना गर्ने चुनौतीहरूलाई कम गर्ने उदेश्यले गैर नाफामूलक संस्थाकि संस्थापक अध्यक्ष पुष्पा बस्नेतलाई एक समरोहका बिच सो सामाग्री हस्तान्तरण गरको हो ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष बस्नेतले संस्थाको मान्यता प्रत्येक बालिकाको महिनावारी स्वास्थ्य व्यवस्थापन, उचित सरसफाइ सुविधा र आवश्यक स्रोतहरूमा पहुँच हुनुपर्छ भन्ने रहेको बताउँदै सोही उद्देश्यले सिटिजन्स बैंक इन्टरनेशनलले सहयोग प्रदान गरेकोमा धन्यवाद ज्ञापन गरेका थिए ।

# कोशी प्रदेशका तीन जिल्लामा क्षयरोगका बिरामी बढी

झापा । कोशी प्रदेशका १४ जिल्लामध्ये तीन जिल्लामा क्षयरोगका बिरामी उच्च रहेको स्वास्थ्य निर्देशानलय धनकुटाले जनाएको छ। चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्ममा कोशीमा तीन हजार पाँच सय ५८ जना क्षयरोगका बिरामीमध्ये मोरङ, सुनसरी र झापामा बढी रहेको निर्देशानलयका क्षयरोग फोकल पर्सन तुलसीप्रसाद गुरागाईंले बताउनुभयो।

उहाँले मोरङमा एक हजार तीन जना, झापामा नौ सय २३ जना, सुनसरीमा आठ सय ७५ जना र उदयपुरमा दुई सय ४२ जना क्षयरोगका बिरामी रहेको बताउनुभयो।

यसैगरी तथ्याङ्कमा ताप्लेजुङमा ४६ जना, सङ्खुवासभा ५२ जना, सोलुखम्बु ४४, खोटाङ ५५, भोजपुर ५३, धनकुटा ६४, तेह्रथुम २३, पाँचथर ४८ र इलाममा ९२ जना रहेको देखिन्छ। सरकारले क्षयरोगका कारणले परिवारमा पर्ने अधिक व्ययभार शून्यमा झार्ने रणनीतिका साथ काम गरिरहेको फोकल पर्सन गुरागाईंले बताउनुभयो।

उहाँले हाल जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखामार्फत गाउँगाउँमा पुगेर क्षयरोगका बिरामी खोज्ने, नियमित औषधि सेवनका लागि आग्रह गर्ने काम गरिरहेको बताउनुभयो। उहाँले नेपालमा कूल जनसङ्ख्याको ४५ प्रतिशत व्यक्ति क्षयरोगबाट सङ्क्रमित रहेको अनुमान गरिएको बताउनुभयो। राष्ट्रिय क्षयरोग कार्यक्रमका चुनौतीलाई सामना गर्दै र स्थानीय तहलाई जवाफदेही बनाई सन् २०५० भित्र नेपालमा क्षयरोग अन्त्य गर्ने सरकारको लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो।

उहाँले सो अवधिमा क्षयरोगको अन्त्यका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नका लागि संयन्त्र विकास गर्ने, स्थानीय तहमा आवश्यकताअनुसार सरोकारवालाको सहभागिता हुने गरी समिति गठन र जिम्मेवारी तोक्ने, स्वास्थ्यकर्मी, स्वयम्सेवक, शैक्षिक संस्था, सामाजिक सङ्घ संस्था, सरकारी नीति तथा गैर सरकारी सङ्घसंस्था समेतलाई कार्यक्रमप्रति जिम्मेवार बनाउने बताउनुभयो।रासस

## भूल सुधार

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको मिति २०८०/०२/२८ आइतवार गतेमा प्रकासित हुनुपर्ने सिद्धार्थ बैंकको लिलामी सम्बन्धी सुचना भूलबस २०८०/०२/२७ गते शनिवारमा प्रकाशित हुन गएकोले भुलसुधार गरिएको छ ।यसबाट सम्बन्धित पक्षमा पर्न गएको असुबिधाका लागि क्षमाप्रार्थी छौ ।

**प्रकाशक**

# महिलालाई सहयोग

**टुडे समाचारदाता**

राजविराज । श्रीमान गुमाएर हातमुख जोर्ने समस्यामा परेकी एक महिला र उनको नाबालक २ सन्तानका लागि एक सहृदयीले आफ्नो निजी खर्चबाट १ महिनाका लागि पुग्ने खाद्यान्नलगायतका सामग्री प्रदान गरेका छन् ।

रुपनी गाउँपालिका ६ तेरहौताका रंजित कुमार भगतले सोही वडाका एकल महिला उर्मिला सरदारलाई एक महिनासम्म पुग्ने गरी राशन सामग्री प्रदान गरेका छन् ।

सोमवार उनको घरमै पुगी भगतले एक महिना सम्म पुग्ने गरी चामल, दाल, खाने तेल, मुरही, नून, साबुनका साथै नाबालक २ सन्तानका लागी पोष्टिक आहार प्रदान गरेका छन् ।

उर्मिलाको ३६ वर्षीया श्रीमान् मसुक लालको ४ दिन अघि प्यारालाइसिस



(पक्षघात) भइ उपचारको अभावमा मृत्यु भएको थियो।

दैनिक मजदूरी गरी परिवार पाल्दै आएका मसुक लालको निधन भएपछि उनको परिवार हातमुख जोर्ने समस्याबाट गुज्रीरहेको थाहा पाएर उनको घर मै पुगी आवश्यक जानकारी लिनुका साथै सानो सहयोग गरेको भगतले बताए ।

# नदी जोगाउँ' अभियानमार्फत १० लाख बढीको छात्रवृत्ति वितरण

काठमाण्डु । मानव अधिकार तथा शान्ति समाजले विश्व वातावरण दिवसका अवसरमा यही जेठ २३ देखि सुरु गरेको सप्ताहव्यापी कर्णाली केन्द्रित 'हिमालय बचाउँ : नदी जोगाउँ' अभियानमा रु १० लाख आठ हजारको छात्रवृत्ति वितरण गरिएको छ ।

शान्ति समाजले दुर्गमका विपन्न बालिका छात्रवृत्ति कार्यक्रम सम्पन्न गरिएको जनाएको छ । जेठ २३ गते सुर्खेतबाट दीप प्रज्वलनसहित प्रारम्भ भएको अभियानअन्तर्गत कालीकोटको मान्म, मुगुको गमगढी र जुम्लाको खलङ्गा बजारमा शान्ति समाजले तयार गरेको अवधारणापत्र वितरणसहित प्रदर्शन र कोणसभा सम्पन्न भएको थियो ।

कार्यक्रममा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, काव सभापति कृष्णबहादुर रावल, सल्लाहकार एवं पूर्वसभापति गोविन्द खनाल, कर्णाली प्रदेश सचिव प्रकाश शाही, केन्द्रीय सदस्य अरुण ज्ञवाली र सोमबारीवन सदस्य एसआर पाण्डे सम्मिलित हुनुहुन्थ्यो ।

'छोरी पढाऔँ : गरिमा बढाऔँ' भन्ने आह्वानसहित सुरु भएको कर्णाली प्रदेश केन्द्रित तीनवर्षे बालिका छात्रवृत्ति अभियानअन्तर्गत कर्णाली प्रदेशका छ जिल्लाका ८४ जना दलित समुदायका बालिकालाई पहिलो वर्षको छात्रवृत्ति रकम रु १० लाख आठ हजार वितरण गरिएको शान्ति समाजका कार्यक्रम अधिकृत सरिता पौडेलले जानकारी दिनुभयो ।

जेठ २४ देखि जेठ २९ सम्म कालीकोटको शुभपालिकास्थित पञ्चकालिका माविका १३ जना, खाडचक्र मान्मस्थित जनजीवन माविका १६ जना, जुम्लाको मष्टामडुस्थित अन्नपूर्ण माविका १० जना, लुड्कुस्थित कनकासुन्दरी माविका १२ जना, मुगुको महाकाली नमुना माविका आठ जना, नेपाल राष्ट्रिय मावि भारेकोटका तीन जना, दैलेखको महादेव मावि तल्लो डुङ्गेश्वरका १० जना र सुर्खेतमा आश्रय लिइरहेका वादी समुदायका छ ।रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विश्वविद्यालय विधेयक प्रतिवेदन परिमार्जनसहित स्वीकृत

काठमाण्डु : राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिले नेपाल विश्वविद्यालय विधेयक, २०७९ सम्बन्धी प्रतिवेदनको मस्यौदालाई परिमार्जनसहित स्वीकृत गरेको छ। समिति सचिवालयले तयार गरेको प्रतिवेदनको मस्यौदालाई आजको बैठकले परिमार्जनसहित स्वीकृत गरेको हो। उच्च शिक्षामा देखिएको जेजस्ता चुनौती छन् त्यसलाई सम्बोधन गर्ने सिलसिलामा यो विश्वविद्यालयको अवधारणा अघि बढेको हो।

मुलुकमा हालसम्म अध्ययन अध्यापन नभएका बहुविधागत प्रकृतिका विषयहरू समेटेर प्राज्ञिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले स्वायत्त खालको सार्वजनिक विश्वविद्यालयका रूपमा अघि बढाउने सोच रहेको विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष अर्जुन कार्कीले जानकारी दिनुभयो।

राष्ट्रियसभाको आगामी वैठकमा उक्त विधेयक मस्यौदा प्रतिवेदन प्रस्तुत हुने छ। गत माघ १३ गते समितिमा प्रवेश पाएको उक्त विधेयकमाथि प्रारम्भमा सैद्धान्तिक र त्यसपछि दफाबार छलफल भएको समिति सचिव मनोज गिरीले बताउनुभयो। सो क्रममा संशोधनकर्ता सदस्य एवं विषय विज्ञको राय सुझावसमेत लिइएको थियो। विश्वविद्यालयको सर्वोच्च निकायका रूपमा रहने संरक्षक परिषद्मा कुलपति अध्यक्ष रहने तथा सदस्यमा उपकुलपतिदेखि दाता, महिला, किसानसमेत हुने व्यवस्था प्रस्ताव गरिएको छ। सदस्यको मनोनयनका लागि सिफारिस गर्दा समावेशी सिद्धान्तका आधारमा हुने प्रावधान गरिएको छ। नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको सिफारिस भने मन्त्रालयले गर्ने प्रावधान राखिएको छ। उक्त विश्वविद्यालयमा भर्ना भएका दलित, सीमान्तकृत, अपाङ्गता भएका र आर्थिकरूपले विपन्न विद्यार्थीका लागि उच्च शिक्षा निःशुल्क हुने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ।

स्वायत्त संस्थाका रूपमा रहने उक्त विश्वविद्यालय काठमाडौँ उपत्यकाबाहिर नेपाल सरकारले तोकेको स्थानमा रहने छ। विश्वविद्यालयले सहिद, वेपत्ता पारिएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिका छोराछोरीको प्रचलित कानूनमा व्यवस्था भएबमोजिम उच्च शिक्षाको व्यवस्था गर्ने व्यवस्था मिलाउने छ। प्रतिवेदन स्वीकृतपछि सभापति जयन्ती राईले विधेयकलाई गुणस्तरीय र समृद्ध तुल्याउने सन्दर्भमा ठूलो प्रयास भएको जनाउँदै राष्ट्रियसभाको आगामी बैठकमा प्रतिवेदन पेश गरिने जानकारी दिनुभयो।

विश्वविद्यालय स्थापना गर्ने सन्दर्भमा कानूनी प्रबन्धलगायतका व्यवस्थापनका लागि विगत छ वर्षदेखि गृहकार्य भइरहेको थियो। मुलुकका प्राज्ञिक, विश्वका ख्यातिप्राप्त विश्वविद्यालयका व्यक्तित्वसँगको हातेमालो र सहकार्यमा यससम्बन्धी कार्य र अवधारणालाई अघि बढाइएको जानकारी दिइएको छ। रासस

# मौसम फेरिँदा केही राहत



महोत्तरी : चिसो बतास चलेर ठाउँठाउँमा पानी परेपछि बढेको गर्मीबाट केही राहत मिलेको यहाँका स्थानीय बताउँछन्। जेठ लागेयता पानी नपरेर लगातार बढ्दो तापमानले प्रभावित भएको जनजीवनमा आइतबार साँझदेखि चिसो बतास चल्नुका साथै ठाउँठाउँमा पानी परेपछि केही राहत भएको हो।

महोत्तरीमा आइतबार साँझ पूर्व-पश्चिम राजमार्ग वारिपारी क्षेत्रमा केहीबेर मेघगर्जनसहित पानी परेपछि शीतल महसुस गरिएको छ। "खेतीपातीलाई साथ मिल्ने र सुकेका पानीका मुहान रसाउने गरी त पानी पर्न सकेन, तर चिसो बतास चलेपछि मौसम शीतल भएको छ", बर्दिबास-२ बारनचौडीका उमेश आचार्यले भन्नुभयो, "पानी परेर चिसो भएपछि हिँड्डुल गर्न सहज भएको छ।" उहाँका अनुसार मौसममा सामान्य फेरबदल हुँदा पनि यहाँका स्थानीयले निकै राहत महसुस गरेका छन्।

जेठ मध्ययता एकाबिहानैदेखि लाग्ने टड्कारो घाम सोमबार मलिन भएको छ। आकाशमा काला बादलका टुक्रा देखिँदा र चिसो बतास चलिरहँदा अब राम्ररी पानीपर्ने आश जागेको यहाँका स्थानीय बताउँछन्। जेठ मध्ययता हिजो अपरान्हसम्म केही घटबढ हुँदै तापमान ४४ डिग्री सेल्सियससम्म मापन गरिएको थियो।

सोमबार बिहान महोत्तरीका बर्दिबास, गौशाला, औरही र भङ्गाहामा जडित मौसम सूचना केन्द्र (स्टेसन) ले तापक्रम ४० डिग्री सेल्सियसभन्दा तल देखाएका र पानी पर्नसक्ने सङ्केत दिइरहेका दैनिक मौसम सूचना हेरी रहनुभएका बर्दिबास-६ का नीलबहादुर लुम्रेले बताउनुभयो। "मैले निरन्तर मौसम स्टेसनका सूचना हेर्दै छु, आइतबार साँझयता तापमान घटेको र पानी पर्ने सम्भावना देखाइएको छ" उहाँले भन्नुभयो, "यसले अब केही त्राण (राहत) पाइन्छ कि भन्ने आश जागेको छ।"

जिल्लामा लामो समयदेखि घामको राप बढ्दै गएर पानी नपर्दा पानीका मुहान सुकेर खानेपानीको हाहाकार बढ्दै गएको छ। मौसममा फेरबदल आए पानी पर्ने र मुहान रसाउने सर्वसाधारणले आ शा गरेका छन्। मौसम तथा जलवायु विज्ञ विराट पन्तले अझै राम्ररी पानी पर्ने सम्भावना नरहेको बताउनुभयो। जलवायु परिवर्तनको असरले मौसमको पूर्वानुमान गरिने परम्परागत मान्यता खण्डित भएको उहाँको भनाइ थियो।

जलवायु परिवर्तनका असर न्यूनीकरणसम्बन्धी कार्यरत संस्था रुपान्तरणमा जलवायु विज्ञ रहनुभएका पन्तले विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तनका असरभित्र आफूलाई अनुकूल बनाउँदै लैजानुपर्ने बताउनुभयो। "जलवायु परिवर्तनका विश्वव्यापी असर छन्, हामीले यी असरभित्रै खेतीपाती र अन्य व्यवसाय अनुकूल हुनेगरी ढाल्न सक्नुपर्छ" उहाँले भन्नुभयो, "यसका लागि विपद् कम गर्न नदी प्रणाली व्यवस्थापन गर्ने, वृक्षरोपण गर्ने र अनुकूलन खेतीपाती अपनाउनुपर्छ।"

लामो समयसम्म लागेको खडेरीले चरनक्षेत्रका सिमसार, भूल (भूल्के जरुवा पानीका मुहान) र चरन पानीघाटमा पानी सुकेपछि पशुवस्तु पालनमा पनि अप्ठ्यारो थपिएको छ। खडेरीका कारण बालीनाली ओइल्याउने, सुक्ने र मर्ने क्रम बढ्दो छ। खडेरी उखुबाली डढ्न थालेपछि उखु किसान चिन्तित छन्। रासस

# जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्तावबारे संसदीय समितिको चासो

काठमाडौँ, २९ जेठ (रासस) : राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयको मातहामा राख्ने प्रस्तावका विषयमा छलफल भएको छ। सरकारले आगामी आर्थिक वर्षको बजेटमा उक्त विषय उल्सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा उक्त विषय उल्लेख गरेको थियो।

बैठकमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगलाई थाहै नदिइ सो प्रस्ताव ल्याएकामा आफूहरू आश्चर्यमा परेको बताउनुभयो। संविधानमा उल्लेखित आयोगकोअधिकारक्षेत्रलाईसरकारकोबजेट वक्तव्यको अनुसूचीबाट तलमाथि हुन नसक्ने बताउँदै उहाँले खर्च कटौतीका नाममा जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्ताव अव्यवहारिक र संविधान प्रतिकूल हुने टिप्पणी गर्नुभयो।

उहाँले यसबारे पुनःविचार नभए साउन १ गतदेखि जिल्ला निर्वाचन कार्यालयबाट हुने निर्वाचन व्यवस्थापन र राजनीतिक दलको नियमनलगायतका सम्पूर्ण कार्य बन्द हुने अवगत गराउनुभयो।

"जिल्ला निर्वाचन कार्यालयको विकल्प र प्रभावकारिताबारे बहस गर्न सकिन्छ तर आयोगको कार्यक्षेत्रका विषयमा हाम्रो परामर्श र सिफारिविना सरकारले अन्यथा निर्णय गर्न मिल्दैन", उहाँले भन्नुभयो।

**विदेशमा रहेका नेपालीको नामावली सङ्कलन हुने**

प्रमुख अयुक्त थपलियाले हरेक तहका निर्वाचनको मिति कानुनमै निर्धारण गरी निर्वाचनसम्बन्धी सात कानुनलाई एकीकृत गरी निर्वाचन कानुनमा आवश्यक संशोधनको तर्जुमा र विद्यमान निर्वाचन प्रणालीमा सुधारका लागि प्राप्त सुझावका आधारमा थप पहल लिन आवश्यक गृहकार्य भइरहेको बताउनुभयो।

उहाँले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीको पनि मतदानको अधिकार प्रयोगका लागि आगामी साउन १ गतेदेखि विदेशबाट पनि मतदाता नामावली सङ्कलनका लागि कूटनीतिक नियोगका माध्यमबाट आन्तरिक तयारी गरिएको जानकारी दिनुभयो। स्वदेशभित्रै पनि सम्बन्धित मतदान केन्द्रमा जान नसक्ने मतदाताका लागि अस्थायी मतदान केन्द्रमा मतदान गर्न पाउने व्यवस्था गरिने उहाँले जानकारी दिनुभयो।

**सांसद्को ध्यानाकर्षण**

समितिका सभापति दिलकुमारी रावल (पार्वती) ले लोकतन्त्रलाई सवल बनाउने सन्दर्भमा आयोगको संवैधानिक स्वायत्तता र स्वतन्त्रतामा आँच आउन नहुने बताउनुभयो। उहाँले जिल्ला निर्वाचन खारेजीको प्रस्तावलगायत विषयमा समिति गम्भीर भएको निर्वाचन प्रणालीलाई प्रविधिमैत्री तथा थप समावेशी बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले ती विषयमा गृहमन्त्रसँग छलफल गरेर आवश्यक निर्देशन दिने जानकारी दिनुभयो।

बैठकमा सांसदहरूले खर्च कटौतीका अन्य शीर्षकमा ध्यान दिएर जिल्ला निर्वाचन कार्यालयको संरचना यथावत् राखिनुपर्ने, स्थानीय तहको निर्वाचनमा खर्च विवरण नबुझाए वापत् तोकिएका जरिवाना रकम मिनाहाका लागि सरकारबाट निर्णय भए पनि आयोगबाट छिटो फिर्ता हुनुपर्ने भनाइ राख्नुभयो। साथै मतदान केन्द्र सबै मतदातालाई पायक पर्ने स्थानमा हुनुपर्ने, फर्जी मत कम गराउने, दोहोरो नामावली हटाउने, बदर मत घटाउने र विद्युतीय मतदान प्रणालीको आरम्भ आदि विषयमा पनि उहाँहरूले ध्यानाकर्षण गराउनुभएको थियो।

जवाफमा प्रमुख आयुक्त थपलियाले राष्ट्रियसभामा अब रिक्त हुने १९ स्थानको निर्वाचनका लागि विद्युतीय मतदानमा जान आयोग तत्पर रहेको तर त्यसमा प्रयोग हुने मेसिनबारे प्रमाणीकरण गरिदिनुपर्ने बताउनुभयो।

# साना व्यापारमा रमाउँदै हरवाचरवा महिला

सप्तरी। कुनै बेला साहु महाजनको खेतबारीमा मजदुरी गरेर परिवार पाल्दै आएकी सप्तरीको बोदे बसाइन नगरपालिका-७ हैठीका कलमतदेवी सदाको पहिचान यतिबेला फेरिएको छ।

केही वर्षअघिसम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी उहाँको अब भन्ने त्यो दुःखको दिन गएको छ। पुँजीका आभावमा आर्थिक उन्नति गर्नसमेत सोच नबनाएकी सदा अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उहाँको दुःखको दिन गएको हो।

गाउँको साहुमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आउनुभएकी सदाको परिवारमा केही वर्षअघिसम्म दुःखको पहाड लागेको थियो तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुःख विस्तारै हराउन थालेको सदा बताउनुहुन्छ।

"केही नगरी जीवनस्तर उकास्न सकिन भन्ने बुझेर दुई वर्षअघि न्यून पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठूलो परिवर्तन आएको छ", उहाँ भन्नुहुन्छ, "व्यापार गर्ने इच्छा भए पनि पुँजी आभावका कारण त्यसले मूर्तता पाउन सकेको थिएन, तर २०७८ सालमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्जि सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवाचरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित दिनाराम दिनाभद्री बचत तथा ऋण समूहबाट ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ।

कलमतदेवीले पसल चलाउन थालेपछि अहिले उहाँका श्रीमान् विहारी सदाले पनि उहाँलाई सघाइरहनुभएको छ। "म पसल चलाउँछु, श्रीमान्ले नजिकैको बोदे बसाइन बजार र मानराजबाट पसलका लागि चाहिने सामान ल्याई दिनुहुन्छ", कलमतदेवी भन्नुहुन्छ, "अहिले हामी दुवै जना मिलेर पसल चलाइरहेका छौँ।" पसलबाट दैनिक एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी भइरहेको उहाँको कथन छ।

"पहिला गाउँको साहु महाजनमा मजदुरी गर्दै आएको थिए", कलमतदेवीका श्रीमान् विहारी सदा भन्नुहुन्छ, "अहिले केही वर्षदेखि मजदुरी छाडेर किराना पसलमा श्रीमतीलाई सघाउँदै आएको छु।"

> द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समूहमा आबद्ध भएकी उहाँहरु त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउनुहुन्छ।

अरुको मजदुरी गर्नुभन्दा आफ्नै व्यापार गरेर राम्रो आम्दानी गर्न पाएकोमा असाध्यै खुसी लागेको उहाँको अनुभव छ।

यस्तै सप्तरीको शम्भुनाथ नगरपालिका-१० जमुवाकी लक्ष्मीकुमारी रामले पनि गाउँमा किराना पसल चलाएर राम्रो आम्दानी गर्दै आउनुभएको छ। सामान्य लेखपढ गर्नसमेत नजानेकी लक्ष्मीलाई बिहान हुने बित्तिकै कतिबेला पसल खोल्ने, कहाँबाट सामान ल्याउन र बिक्री गर्ने भन्नेमा हतारो हुन्छ।

दुई वर्षअघिसम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उहाँ अहिले भने गाउँ नजिकै किराना पसल सञ्चालन गरी राम्रो आम्दानी गर्दै आउनुभएको छ। आयआर्जनको गतिलो आधारसँगै लक्ष्मीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ।

आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघि सम्म गाउँकै साहु महाजन कहाँ बनिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै लक्ष्मी भन्नुहुन्छ, "पहिले हरवाचरवाको रुपमा ज्याला मजदुरीमा सधैँ काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौ-धौ हुन्थ्यो।" अहिले भन्ने स्वतन्त्ररुपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु, उहाँको भनाइ छ।

"दिनभरि ज्याला मजदुरीमा काम गर्दा मात्र थोरै मात्र ज्याल पाउथ्ये, त्यस कारण परिरवार चलाउन समस्या हुन्थ्यो", लक्ष्मी भन्नुहुन्छ, "तर अब मेरो त्यो दुःखको दिन कटेको छ।" अहिले तरकारी व्यापार गरेरै पाँच जना परिवारको गुजारा चलाउँदै आएको छु, उहाँको भनाइ छ।

आर्थिक विपन्नता र चेतनाको अभावमा साहु महाजनमा श्रम गर्दै आएकी लक्ष्मीकुमारी, कलमतको जीवनमा आएको यो परिवर्तन कुनै चमत्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो।

"सुरु सुरुमा म धेरै लजाउँथे, के गरौँ नगरौँ भन्ने थाहै थिएन, सधैँ मजदुरी गरेर जेनतेन परिवार मात्रै पालथ्ये", लक्ष्मी भन्नुहुन्छ, "तर, जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरे, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो।"

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समूहमा आबद्ध भएकी उहाँहरू त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउनुहुन्छ।

कलमतदेवी आबद्ध दिनाराम दिनाभद्री बचत तथा ऋण समूहमा ३० जना सदस्य आबद्ध छन्। हरेक सदस्यले बचत समूहका मासिक रु एक सयका दरले बचतसमेत गर्दै आएको समूहका अध्यक्ष अधिकलाल सदाले बताउनुभयो। सदस्यले मासिकरुपमा गरेको बचत रकम रु २४ हजारभन्दा बढी पुगेको छ, समूहका अध्यक्ष सदाले भन्नुभयो, "बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरेका छौँ।" जसले महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उहाँको बुझाइ छ।

पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले सकारात्मक सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता सञ्जीवकुमार यादवको भनाइ छ।

# अझै चार दिनसम्म लूको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह

काठमाण्डु : विगत केही दिनदेखि देशका अधिकांश भू-भागहरू विशेष गरी मध्य तथा पश्चिमी भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको देखिन्छ।

काठमाडौँ उपत्यकालगायत देशका अन्य उपत्यकाहरूमा पनि तापक्रममा वृद्धि भएको देखिन्छ। देशका मध्य तथा पश्चिम तराईका भू-भागमा लगातार अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सो भन्दा बढी मापन भएको छ।

मौसम पूर्वानुमान महाशाखाले आगामी केही दिनसम्मका लागि देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशको तराईका धेरैजसो भू-भागहरूमा अत्यधिक गर्मीको सम्भावना अझै रहने जनाएको छ।

साथै बागमती प्रदेशको तराईका भू-भाग र मधेस प्रदेशको पश्चिमी भू-भागमा थोरै तापक्रम घटे पनि अत्यधिक गर्मीको सम्भावना यथावत् रहने देखिएको छ। महाशाखाले ती भू-भागहरूमा आगामी चार दिन (जेठ ३० देखि असार १ गते) सम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

मधेस प्रदेशको पूर्वी भू-भागमा तापक्रम केही घट्ने सम्भावना देखिए पनि गर्मीको सम्भावना रहनाका साथै देशको पश्चिमी पहाडी भू-भागका उपत्यका तथा खोँचहरूमा पनि तापक्रम यथावत् रहन सक्ने सम्भावना रहेको छ। ती भू-भागहरूमा पनि गर्मीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरिएको छ। कोशी प्रदेशमा बदली र वर्षाको सम्भावना रहेकाले तापक्रम घट्नाका साथै अत्यधिक गर्मीको नहुने देखिन्छ।

**मनसुनी वर्षा एक-दुई दिन ढिला हुने सम्भावना**

साथै यस वर्ष मनसुनी वर्षाको आगमन पनि औसत मिति (जुन १३ तारिख) भन्दा एक-दुई दिन ढिला हुने सम्भावना रहेको देखिन्छ। तातो हावा तथा लूबाट हुने सम्भावित असरहरू जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुन सक्छ।

तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा बढी नदेखिने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्किदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोलपदार्थ (जुस, सर्बत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत महाशाखाले अनुरोध गरेको छ। रासस

# ट्याङ्करद्वारा पानी वितरण

जलेश्वर। जलेश्वरनगरपालिकाले नगर क्षेत्रभित्रका पानीका स्रोत कम भएपछि ट्याङ्करबाट पानी वितरण गर्न थालेको छ।

पछिल्लो समय यहाँका धारा, चापाकल र अन्य पानीका स्रोतबाट पानी आउन छाडेको छ। जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले नगरको विभिन्न वडामा ट्याङ्करबाट पानी वितरण भइरहेको जानकारी दिनुभयो।

बाह्र वडा रहेको जलेश्वर नगर क्षेत्रभित्र १२ हजार तीन सय ८० घरधुरी रहेकामा प्रायः घरधुरीमा जडान रहेको धारा र चापाकल सुकेर पानी आउन बन्दको जनाइएको छ।

मधेस प्रदेशका भू तथा वातावरणविज्ञ बेचन महतोले नगर क्षेत्रभित्रको जलस्तर कम हुँदा पानीका स्रोत सुकेको बताउनुभयो।

जलेश्वरमा यसअघि कहिले पनि पानीको अभाव नभएको बताइएको छ। जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित बर्दिबास, गौशाला, भङ्गहा, औरही, बलवा, रामगोपालपुर नगरपालिका र सम्सी गाउँपालिकाको समेत पानीको समस्या भएको बताइएको छ।रासस

# निजामती कर्मचारीले कार्यालय पोसाकमा टिकटक बनाए कारबाही हुने

काठमाण्डु। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीले कार्यालय समयमा टिकटक बनाए कारबाही गर्ने भएको छ। मन्त्रालयले एक सूचना प्रकाशित गरी कार्यालय समयमा टिकटक नबनाउन निर्देशनसमेत दिएको छ।

कार्यालय समयमा कार्यालयको पोसाक लगाएर, कार्यालयको सवारीसाधन प्रयोग गरेर र कार्यालय हाताभित्र टिकटक बनाउन रोक लगाइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता कमलप्रसाद भट्टराईले बताउनुभयो।

उहाँले भन्नुभयो, "कार्यालयसँग सम्बन्धित कामबारे पनि टिकटक नबनाउन हामीले निर्देशन दिएका छौँ, यदि निजामती कर्मचारीले यस्ता नियम उल्लङ्घन गरेको पाइएमा अनुशासन नियमअन्तर्गत कारबाही हुनेछ।"

पछिल्लो समय टिकटकमा निजामती कर्मचारी उच्छृङ्खल भएको भन्दै गुनासो आएकाले उक्त कदम चालिएको मन्त्रालयले जनाएको छ।रासस

# विद्यालयस्तरमा निबन्ध लेखनसम्बन्धी प्रशिक्षण र कार्यशाला

काठमाण्डु। राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालको केन्द्रीय निबन्ध विभागले विद्यालयस्तरमा निबन्ध लेखनसम्बन्धी प्रशिक्षण र कार्यशाला सुरु गरेको छ।

कार्यशालाको पहिलो चरणमा आइतबार काठमाडौँको मनोहर माध्यमिक विद्यालयमा कक्षा ८ देखि १० सम्मका ३२ विद्यार्थीमाझ कार्यशाला सम्पन्न भएको छ।

कार्यक्रममा पूर्वमन्त्री शान्ता मानवी, राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपालका अध्यक्ष प्रेमनाथ अधिकारी, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्य सचिव डा जीवेन्द्रदेव गिरी, अखिल नेपाल महिला सङ्घ कला, साहित्य विभागका संयोजक रञ्जु पोखरेललगायत अतिथी हुनुहुन्थ्या। सङ्घका उपाध्यक्ष एवं निबन्ध विभागका संयोजक नर्मदेश्वरी सत्याल, सदस्यहरू सोमनाथ दाहाल र गीता सापकोटाले निबन्धका सैद्धान्तिक, व्यावहारिक र कार्यमूलक प्रशिक्षण दिनुभएको थियो।

विद्यालयका निमित्त प्रधानाध्यापक कमला पौडेल, नेपाली विषय शिक्षक शान्ता अधिकारी र निबन्ध विभागका सदस्य अच्युत घिमिरेले सहजीकरण गर्नुभएको थियो।


महासङ्घका अध्यक्ष अधिकारीले विद्यार्थीको प्रतिभा प्रस्फुटका लागि आगामी दिनमा अन्य पनि यस प्रकारका कार्यक्रम आयोजना गरिने बताउनुभयो। रासस


**सूचना। सूचना।। सूचना।।।**

यस श्री धर्म संस्थाको आ.व. २०७९/०८० को वार्षिक लेखा परीक्षण गराउनको लागि लेखा परीक्षकको आवश्यकता भएकोले श्री धर्म संस्थाको स्वीकृत विधान अनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थावाट पेशागत प्रमाण-पत्र नविकरण भएको कर चुक्ता लिएको समबन्धि व्यक्तिको लागि सूचना प्रकाशित मिति ले १५ दिन भित्र उक्त प्रमाणपत्रहरुको प्रतिलिपि संलगन गरी आवेदन दिनु हुन आह्वान गरिएको छ।

**नोट** :- क र ख श्रेणी लाई विशेष ग्राहकता दिइने छ।

**लक्ष्मण प्रसाद साह**
**सचिव**
**श्री धर्म संस्था**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बालश्रम रोकौ

संसारभरि नै बालश्रम अन्त्यका लागि विभिन्न कार्यक्रमको आयोजना गरी बालश्रम बिरुद्धको अभियानलाई अगाडि बढाइएको छ । बालश्रमलाई रोक्न नेपालमा पनि कयौं वर्षदेखि विभिन्न कार्यक्रमहरुको आयोजना गरिदै आएको छ । तर बालश्रमको अन्त्यका लागि सरकारले हरेक वर्ष फरक-फरक नाराहरु दिने गरेका छन् । बालश्रम हटाउन हालसम्म भएका प्रयासहरु सार्थक रहे पनि अपेक्षा गरिए अनुरुपको हुन सकेको छैन् । बालश्रम कसैका लागि पनि सौखको काम होइन् । त्यो विभिन्न परिस्थितिले सृजना गरेको बाध्यात्मक अवस्था हो ।कोही खान नपाएर कलिलो उमेरमै श्रम गर्न विवश छन् । कोही अभिभावकविहीनको अवस्थामा विद्यालय जान छाडेर श्रम गर्ने अवस्थामा छन् । तर समग्रमा बालश्रमिकको बाध्यता भनेको कमजोर आर्थिक अवस्था नै हो । अधिकांश बालश्रमिक आफ्नो र आफ्ना परिवारका पेट पाल्नुपर्ने बाध्यतामा छन् । विद्यालय जाने उमेरमै श्रम गर्न विवश बालबालिकाहरुलाई सरकारी अथवा गैर सरकारी स्तरबाट उद्धार गरिए पनि त्यसको भरणपोषणको व्यवस्था नहुँदा फेरि श्रमकै क्षेत्रमा फर्किने गरेका छन् । धेरै बालबालिकाहरुलाई श्रममुक्त गरिए पनि उनीहरु फेरि पनि कडा श्रम गर्नुपर्ने क्षेत्रमा फर्किनु पर्ने बाध्य हुन्छन् । कतिपय बालश्रमिकलाई श्रमबाट छुटाएर विद्यालय पनि पठाइएको हो । तर उनीहरु विद्यालयमा टिक्नै सक्दैनन् । भोकभोकै विद्यालयमा पढ्न संभव छैन् ।बालबालिकाहरुले काम गर्दा पाउने थोरै पारिश्रमिकले आफ्नो र परिवारलाई पाल्ने प्रयास गर्छन् । ईँटा भट्टा, होटेललगायतमा बालश्रमिकहरु बढी भेटिन्छन् । होटेलमा उनीहरुले भरपेट खान पाउछन् । ईटाभट्टामा प्रति ईटा बोके बापत रकम पाउँछन् । बालबालिकाहरु होटेलमा काम पाए अन्यत्र काम गर्न चाहँदैनन् । विपन्न बालबालिकाका अभिभावकहरुले होटेलमा काम लगाउन बढी रुचाउँछन् । निजी घरमा पनि बालश्रमिकहरु हुन्छन् । तर निजी घरमा काम गर्ने बालश्रमिकहरु मध्ये केहीले विद्यालय जाने वातावरण पनि पाउँछन् । केहीले त्यस्तो अवसर पाउँदैनन् । समग्रमा बालबालिकाहरुलाई विद्यालयमै पठाउनुपर्छ । विद्यालय जाने उमेरका बालबालिकाहरुलाई कुनै प्रकारको श्रममा लगाउनु दण्डनीय अपराध हो । तर बालबालिकाको जीवन रक्षाका लागि भोजन अनिवार्य आवश्यकता हो । भोजनका लागि श्रम गर्नुपर्ने विवशतामा रहेका बालबालिकाहरुलाई श्रमबाट मुक्त गराएर विद्यालय पठाउन राज्यले उनीहरुलाई समुचित भोजन, वस्त्र, औषधोपचारलगायतका अनिवार्य आवश्यकता पूरा गर्नैपर्छ । राज्यले बालश्रमिकलाई श्रम बेच्नुपर्ने बाध्यताबाट मुक्त गर्नुपर्छ । बालश्रमिक रहेका होटेल, निजी घर, ईँटाभट्टालगायतबाट तत्काल हटाए पनि त्यसको समुचित व्यवस्थापन नभएसम्म फेरि बालबालिकाहरु श्रम गर्न त्यही स्थानमा पुग्ने गर्छन् । बाल्यकालमा नै श्रम गर्न विवश बालबालिकाहरुका लागि राज्यले भरणपोषण र शिक्षाको तत्काल व्यवस्था गर्नुपर्छ । हालको नीतिले गैरसरकारी संस्थाका सञ्चालक र केही सरकारी अधिकारीहरु श्रम मुक्त होलान् । तर यथार्थ बालश्रमिकहरुले मुक्ति पाउन सक्दैन् । सरकारले नीतिमा परिवर्तन गरी बालश्रमिकहरुका लागि ठोस कार्यक्रम ल्याउनु आवश्यक छ । सरकारले नियम बनाइसकेकाले अब उद्धार भएका बालबालिकाहरुलाई सहज काम गरेर पढने व्यवस्था गर्नुपर्छ ।

# बजेटको जनसँस्कृति



**रोशन जनकपुरी**

नेपालमा जेठ र असार महिना बजेटको मौसम हो । संघीय सरकारले बजेट प्रस्तुत गरिसकेर पारित भै सकेको छ, भने प्रदेशहरुमा बजेट निर्माण, प्रस्तुति र पारित गर्ने प्रकिया चलि रहेको छ । मधेश प्रदेशमा प्रदेशप्रमुख हरिशंकर मिश्रले आगामी वर्षको निम्ति सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेका छन् र सांसदहरुबाट पारितपनि भैसकेको छ । अब मधेश प्रदेश सरकार आ.व. ०८०/०८१को निम्ति बजेट प्रस्तुत गर्ने अन्तिम चरणमा छ । सम्भव छ यो लेख प्रकाशित भएको दिन वा त्यस्को एक दुई दिनपछि प्रदेश सरकारले बजेट प्रस्तुत गर्ने छ ।

हुन त संघीय गणतन्त्र नेपालको सम्विधान घोषणा भएर संघीय प्रदेशहरुको स्थापना भएको आठ वर्ष बितिसक्दापनि प्रदेशहरुको स्वायत्तताको विषयहरु अझै पूरा भएका छैनन् । यस बारे सम्विधानमायथेष्ट व्यवस्थाहरु हुन बाँकी नै छ, र प्रदेशहरु अधिकांशतः संघीय सरकारको प्रशासनिक विस्तार र संघ र स्थानीय सरकारबीचको समन्वयात्मक भूमिकाबाट माथी उठ्न सकेका छैनन् । तरपनि सम्विधानले आर्थिक, विकास र जनसरोकारका कयौँ अधिकार त प्रदेशलाई दिएकै छ । प्रदेश सरकारहरुको कार्यशैली र उपलब्धिको समीक्षा गर्दा, उनिहरुको अनुभवहीनता भनौँ वा गैरजिम्मेवार राजनीतिक चिन्तन, उनिहरुले सम्विधानप्रदत्त अधिकार तथा दायित्वपनि ठिक ढंगले पालन गर्न सकेका छैनन् । प्रदेश सरकारहरु जनताबीच राजनीतिक, साँस्कृतिक र विकासको दृष्टिले आफ्नो उपस्थिति अनुभूत गराउन अझै मिहनेत गनुपर्ने देखिन्छ ।

वस्तुतः संघीयतामा प्रदेशहरुले जनतासंगको सम्बन्ध, आर्थिक समृद्धि र विकास तथा जनसरोकारका विषयहरुमा जिम्मेवारी बारेमा प्रदेशको विशिष्टतामा आफ्नो दृष्टिकोण, कार्यनीति, योजना तथा कार्यक्रमको विकास गराउन सक्नुपर्ने हो । जनताबीच संघीय गणतन्त्र भित्रको प्रदेशसंगको निकटता, गर्व र अपनत्वको भावसंचार गराउन सक्नुपर्ने हो । यस अर्थमा मधेश प्रदेशले अझै धेरै गर्नु बाँकी छ ।

गणतन्त्र र संघीयताप्रति गर्वबोध तथा जनताबीच स्वामित्व र समर्पणको भाव जगाउनका निम्ति, संघीयता, गणतन्त्र र समाजवादबारे अवगत गराउन सुस्पष्ट शिक्षा तथा प्रचार प्रसार योजना चलाउनु पर्ने हो । यस तर्फ संघीय सरकारको ध्यान नै छैन । यद्यपि यो विषय मधेश प्रदेश सरकारको पनि दायित्व छ, किनभने संघीयताको निम्ति मधेश प्रदेशमा भएका जनआन्दोलन र संघर्षहरुमा विशिष्ट र अगुआ महत्वका छन् । यी र यस्ता विषयहरुले प्रदेशको राजनीतिक दायित्व तथा जिम्मेवारी बोध गराउँछ र जनतालाई सतत् निगरानीको भूमिका राख्छ ।

यी विषयहरुमा मधेश प्रदेशको राजनीति सुरुदेखि नै उदासीन देखिँदै आएको छ । यस प्रदेश सरकारको समस्या के छ भने, यस्ले प्रदेशको विशिष्टताभन्दापनि संघीय संसदको बजेटको आलोकमा कर्मचारीहरुले तयार पारेको बजेट कार्यक्रम प्रस्तुत गर्दै आएको छ । यसै कारण प्रायः अनुकरण गरिएको बजेटका कयौँ योजनाहरु यान्त्रिकरुपले प्रस्तुत गरिएका हुन्छन्, र जो प्रदेशको वस्तुगत यथार्थसंग अन्तर्विरोधी भएर वा वास्तविकतासंग मेल नखाएर कि त लागु नै हुँदैनन्, कि लागु भए अव्यवहारिक र अनुपयोगी हुन जान्छन् । यस दृष्टिले यस वर्ष मधेश प्रदेशप्रमुखले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा परेका विषयवस्तुहरु परम्परागत शैलीका देखिएका छन् । सम्भव छ, सरकारले प्रस्तुत गर्ने बजेट प्रदेशप्रमुख मिश्रले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको सेरोफेरोमै आउने छ । प्रदेश प्रमुखले प्रस्तुत गर्ने नीति तथा कार्यक्रमपनि त आखिर सरकार नै तयार पारेर दिएको हो !

मधेश प्रदेशमा विगतका बजेटहरुको समीक्षा गर्ने हो भने प्रदेशको समग्र विकासको दीर्घकालीन चित्र तथा प्राथमिकता निर्धारणमा अस्थिरता (वर्षे पिच्छे फेरिइरहने), आवश्यकभए जतिको बजेट निर्धारण गर्नुभन्दापनि सांसद वा कुनै व्यक्तिको लाभलाई ध्यानमा राखेर बजेट रकम तय गरिनु, ठोस देखिने गरि तथा जनतालाई समयमै लाभ पुग्नेभन्दापनि वैयक्तिक लाभको दृष्टिले कनिका छरे झै विविध योजनामा बजेट विनियोजन गरिनु, वैयक्तिक लाभको निम्ति आर्थिक नियम कानूनको समेत उल्लंघन गरिनु र अन्ततः बेरुजु देखिनु ; समग्रमा गैर राजनीतिकपना तथा गैरजिम्मेवारपना मधेश प्रदेशको मूख्य समस्याको रुपमा देखिएको छ । प्रदेशको हितमा यो अति खतरनाक किन छ भने, जिम्मेवारीवहनमा पटक पटक असफल साबित भइरहँदापनि अधिकांशतः एउटैखाले प्रदेश सांसदहरु पटक पटक प्रदेशसभामा निर्वाचित वा मनोनयन भएर आउने गरेका छन् । यसभन्दापनि खतरनाक के छ भने प्रदेश सभाभन्दा बाहिरको राजनीतिक र सामाजिक माहौलमा पनि यस्तै खाले गैर राजनीतिक वातावरणको भीड छ, जस्ले राजनीतिक पदहरुमा जानुको उद्देश्य आर्थिक कमाई गर्नु ठानेको छ । प्रदेशसभामा पक्ष विपक्षका सांसदहरुको दोहोरी आरोप प्रत्यारोपहरु तथा मूख्यमन्त्री, मन्त्री र सांसदहरुले गरेका आर्थिक कार्यहरुबारे बेरुजुको चाङ्ग हेरेपछि के बुझिन्छ, भने बजेट निर्माणमापनि निजी लाभले सर्वाधिक महत्वको भूमिका खेलेको हुन्छ । समग्रमा यो राजनीतिक आचरण तथा जनसरोकारका विषयहरु प्रतिको प्रतिबद्धताका अभावको कारण यस्तो भएको हो । यस वर्ष सरकारले बजेट प्रस्तुत गरिरहँदा यी तमाम चुनौती तथा रोगहरु यथावत् छन् । वस्तुतः जिम्मेवार र जनहितप्रति सम्वेदनशील सरकारले मधेश प्रदेशको वस्तुगत यथार्थ र विशिष्टतालाई मध्येनजर गरेर प्रदेशको दीर्घकालीन तथा न्यूनकालीन योजना बनाउनु पर्छ । यस्तै प्राथमिकता र सम्वेदनशीलताको अभावमा, हरेक वर्ष अनेक तामझाम, घोषणा तथा आकर्षक नारा सहित आर्थिक बजेट बनाउँदापनि प्रदेशको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्था खस्किँदो छ, र यो प्रदेश देशको सबैभन्दा गरिब प्रदेशमा दरिएको छ ।

*मधेश प्रदेशमा विगतका बजेटहरुको समीक्षा गर्ने हो भने प्रदेशको समग्र विकासको दीर्घकालीन चित्र तथा प्राथमिकता निर्धारणमा अस्थिरता (वर्षे पिच्छे फेरिइरहने), आवश्यकभए जतिको बजेट निर्धारण गर्नुभन्दापनि सांसद वा कुनै व्यक्तिको लाभलाई ध्यानमा राखेर बजेट रकम तय गरिनु, ठोस देखिने गरि तथा जनतालाई समयमै लाभ पुग्नेभन्दापनि वैयक्तिक लाभको दृष्टिले कनिका छरे झै विविध योजनामा बजेट विनियोजन गरिनु, वैयक्तिक लाभको निम्ति आर्थिक नियम कानूनको समेत उल्लंघन गरिनु र अन्ततः बेरुजु देखिनु ; समग्रमा गैर राजनीतिकपना तथा गैरजिम्मेवारपना मधेश प्रदेशको मूख्य समस्याको रुपमा देखिएको छ ।*

मधेश प्रदेशको विशिष्टताको कुरा गर्ने हो भने यस प्रदेशमा देशको सातवटै प्रदेश मध्ये सबैभन्दा बढी २०.९९प्रतिशत जनसंख्या बस्छ । यस प्रदेशको अधिकांश जनसंख्या अझै कृषिमा नै आश्रित छ भने, रोजगारीको निम्ति विदेशिने श्रमशक्ति सबैभन्दा बढी यस प्रदेशमा नै छ । देशमा सबैभन्दा बढी गरिबी यसै प्रदेशमा छ भने बाग्मति (विशेषतः राजधानी काठमाडौँ उपत्यका)पछि सबैभन्दा घनीभूत बजार भएको प्रदेशपनि यही नै हो । यसरी नै शिक्षामा संघ, प्रदेश र स्थानीय तीनवटै सरकारबाट लगानी भइरहेपनि प्रदेशमा साक्षरता दर ५० प्रतिशतभन्दापनि कम छ । यसरी नै सरकारी लगानीका बावजूदसरकारी र सामुदायिक विद्यालयहरुको शैक्षिकगुणस्तर दयनीय छ भने निजी विद्यालयमा पढाउनु शैक्षिक सँस्कृतिको रुपमा सामाजिक चलन हुँदै गैरहेको छ । अर्कोतर्फ निजी विद्यालयहरु महँगा छन्, तर निजी विद्यालयमा पढाएरपनि छात्र छात्राहरुलाई अतिरिक्त ट्यूसन पढाउनुपर्ने चलनले निजी विद्यालयहरुको गुणस्तरियतामाथी पनि प्रश्न खडा हुन्छ । यस्ले च्याउ झै थरी थरीका निजी विद्यालयहरुले शैक्षिक उपभोक्तामा गुणस्तरिय शिक्षाको भ्रम छेरेर लुट मच्चाएको प्रष्ट छ । प्रदेशको शैक्षिक प्रगति तथा साक्षरतामा देखिएको खस्किँदो स्थितिको निम्ति सरकारी विद्यालयहरुको न्युन गुणस्तरियताका साथै निजी विद्यालयहरुको आर्थिक लूट, दुबै जिम्मेवार देखिन्छन् ।

यसरी नै दयनिय गुणस्तरका सरकारी अस्पताल तथा जनताको गुणस्तरिय उपचारको खोजीमा रहेको जनतालाई महँगो शूल्क लिएर लुटिरहेका निजी अस्पताल र क्लिनिकहरुपनि प्रदेशको विकासमा गम्भीर चुनौती छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा अराजकताको स्थिति कतिसम्म छ भने सरकारी विद्यालयको परिसर नजिकै निजी विद्यालयहरु खुल्छन् भने सरकारी अस्पतालको वरिपरी निजी अस्पतालहरु खुलेका हुन्छन्, जस्मा सरकारी अस्पतालका चिकित्सकहरु अस्पतालमा डिउटीमा रहेकै बखत काम गरिरहेका हुन्छन् । शिक्षाक्षेत्र होस वा स्वास्थ्य, देखिएको बजारको यो दादागिरी खुलेआम तथा सरकारी संरक्षणमा नै हुने गरेको छ । तात्पर्य के हो भने समाजवादोन्मुख भनेपछि शिक्षा, स्वास्थ्य आदि जनसरोकारको क्षेत्रमा राज्यको हस्तक्षेत्र बढनु पर्ने तथा निजी बजारको उपस्थिति हतोत्साहित हुनुपर्ने हो, तर भएको छ उल्टो । विकास र समृद्धिको दृष्टिले प्रदेश सरकारका नीतिकारहरुले यस तर्फ सोच्नु आवश्यक छ । समाजवाद आर्थिक र राजनीतिक विषयमात्र होइन, यो साँस्कृतिक विषयपनि हो । समाजवाद जनताको साँस्कृतिक परम्पराको रुपमा विकास नभएसम्म गणतन्त्र र संघीयता सुरक्षित रहन सक्दैन ।

वस्तुतः शिक्षा, स्वास्थ्य, गरिबी सबै क्षेत्रमा प्रदेश सरकार ब्याकफुटमा छ भने, बजार अकूत नाफा कमाउनमा व्यस्त छ । सरकारले जनतासंग लिएका अप्रत्यक्ष करहरुमा शिक्षा, स्वास्थ्य, सडक अनेक विषयहरु सामेल छन् । यस वापत सरकारले जनतालाई सुविधा उपलब्ध गराउनु उसको प्राथमिक दायित्वभित्र पर्छ । सम्विधानमा भनिएको समाजवादोन्मुखता तथा संघीयतालाई विचार गर्ने हो भने यी विषयहरु प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु पर्ने हो । प्रदेशको विकास तथा सामाजिक, आर्थिक, राजनीतिक उन्नयनको निम्ति यस दृष्टिले प्रदेश सभावमा बहस, छलफल तथा संघर्ष भएको एउटापनि उदारहण छैन, जबकि प्रदेशको समृद्धिको निम्ति यो सबैभन्दा आवश्यक कार्य हो । यस्को निम्ति जुन जनदबाब सृजना हुनु पर्ने हो, त्योपनि देखिँदैन । प्रदेशको युवा पुस्ताको मनोविज्ञानको समीक्षा गर्ने हो भनेधार्मिक र साँस्कृतिक विषयमा उनिहरुको बढी रुचि देखिन्छ, जबकि उनिहरु मूख्यतः प्रदेशको वास्तविक समस्या शिक्षा, स्वास्थ्य, भोक, महँगी, आर्थिक अनियमितता आदि जनसरोकारको मुद्दामा केन्द्रित हुनु पर्ने हो ।

वर्तमान विश्व अर्थतन्त्र आर्थिक मन्दीको भयानक संकटबाट गुज्रँदै छ । यस संकटबाट ठुला साना विश्वका प्रायः सबै देश प्रभावित भएका छन् । आर्थिक अनुदानको भरोसामा चल्ने नेपाल जस्तो देश यसबाट प्रभावित हुनु स्वाभाविक नै हो । संघीय सरकारको बजेटको अनुकरण गर्दै प्रदेश सरकारलेपनि विगतको भन्दा बजेट कटौती गरेर प्रस्तुत गर्नुपनि स्वाभाविक नै हुनेछ । तर वर्तमान आर्थिक संकटसंग जुध्न कटौती मात्र पर्याप्त छैन । सरकार, राजनीति तथा कर्मचारीतन्त्रमा व्याप्त भ्रष्टाचार, कमीसन, तथा अख्तियार दुरुपयोगको जालो कायम रहेसम्म यस संकटसंग जुध्न सम्भव हुँदैन । बरु आर्थिक संकटको बेला यी रोगहरु झन् जब्बर हुनजान्छन् ।

हाम्रो चलनमा बजेट आर्थिक मात्र हुने गर्दैन । यस्ले राजनीति, साँस्कृतिक र सामाजिक सबै क्षेत्रलाई प्रभावित गर्छ । यस्तोमा बजेट निर्माण गरिँदा यी तमाम चुनौतीहरुमाथी खुलेर विमर्श हुनुपर्ने तथा कडाईपूर्वक यस्का समाधानका उपायहरु अवलम्बन गर्नु पर्ने हो । निश्चय नै बजेट निर्माणको बेला यस कोणबाट सोच्ने गरिँदैन र परम्परा निर्वाह गरिँदै यान्त्रिकरुपमा बजेट प्रस्तुत गरिन्छ । यस वर्षपनि यस्तै होला । सांसदहरुले ईमान्दारीपूर्वक यस प्रदेशको हित चाहन्छन् भने बजेटमाथीको छलफलमा यी विषयहरु खुलेर उठाउने छन् र नयाँ राजनीतिक सँस्कृतिको विकासको बारेमा सौँच्ने छन् । विश्वास त छैन, तर अपेक्षा राख्नुमा दोष नै के छ र ?

# गर्मीमा मुटुको समस्याबाट बच्ने उपाय



**डा ओममूर्ति अनिल**

केही दिनयता देशका अधिकांश स्थानमा अत्यधिक गर्मी बढेको र यसले जनजीवन प्रभावित भएका समाचार आएका छन् । तराईलगायत मध्यपहाडी भेगमा गर्मीकै कारण विद्यालय पनि बन्द गरिएका छन् । तराईमा लुको प्रकोप बढ्नसक्ने भन्दै सतर्कता अपनाउन भनिएको छ ।


गर्मी मौसममा मुटुका बिरामी, उच्च रक्तचाप, कोलस्टेरोल, मोटोपना, मधुमेहजस्ता समस्या भएका वृद्धवृद्धाले केही अतिरिक्त सावधानी अपनाउनु पर्दछ । मुटुसम्बन्धी समस्या भएका बिरामीहरूका लागि जाडो जत्तिकै जोखिम गर्मी याममा पनि हुने गर्दछ । गर्मीमा थप सावधानी अपनाउनुपर्ने जोखिम समूहमा मुटुमा ब्लकेज भएका बिरामीहरू, (मुटु कमजोर) भएका बिरामीहरू, उच्च रक्तचाप र यसको औषधि उपयोग गरिरहेकाहरू, मधुमेही र यसको औषधि उपयोग गरिरहेकाहरू, बुढापाका/मिर्गौला रोगी, पहिले बेहोस भइसकेका र कुनै अङ्गको सङ्क्रमणले ग्रस्त बिरामी पर्दछन् ।

अझ मुटुजन्य समस्या भएका व्यक्तिहरूका लागि त झन उच्च तापक्रमबाट प्रभावित हुने सम्भावना दोब्बरले बढछ । अति गर्मीले मुटुका बिरामीको ज्यानसमेत जान सक्छ । तापमान वृद्धिका कारण कही वर्षयता मुटुसँग सम्बन्धित समस्या (विशेषगरी हृदयाघात) बढिरहेको छ । यसैले गर्मी मौसममा मुटुका बिरामीले विशेष ध्यान दिनुपर्छ । जाडोमा जसरी रक्तनली साँघुरो भएर रक्तचाप बढ्छ, त्यसको ठीक विपरीत गर्मीले गर्दा रक्तनलीको आकार बढेर रक्तचाप घट्न सक्छ । बढ्दो गर्मीमा टाउको दुख्ने समस्या हुने गर्दछ । गर्मीमा लगातार टाउको दुख्नु भनेको रक्तचाप बढ्ने संकेत हुन सक्छ । बढी समय चर्को घाममा रहनाले रक्तचाप घट्छ र मुटुमा समस्या आउँछ । गर्मीले रक्तचाप घट्दा बिरामीलाई रिँगटा लाग्ने, हिँड्न अप्ठयारो हुने, कहिलेकाहीं बेहोस हुने स्थितिसम्म आउन सक्छ । जोखिम समूहमा परेकाहरूले अत्यधिक गर्मीमा पर्नबाट जोगिनुपर्छ । गर्मी याममा मुटुको समस्याहरू भएका व्यक्तिले मात्र नभई स्वथ्य व्यक्तिले समेत दिनहुँ प्रशस्त मात्रामा झोल कुरा खानुपर्छ ।

पानी मावन शरीरको महत्वपूर्ण तत्व हो । यसले स्वस्थ व्यक्तिको आधादेखि दुई तिहाई तौल ओगटेको हुन्छ । खासगरी गर्मी याममा शरीरबाट बढी पानी निस्किने हुँदा पानीको मात्र कम हुन्छ । शरीरमा पानीको कमी भए रक्तचाप घट्न थाल्छ अनि मुटु र मधुमेहका रोगीहरू जोखिममा पर्न सक्छन् । बुढापाका र मोटो व्यक्तिको शरीरमा पानीको मात्रा अन्य व्यक्तिको तुलनामा कम हुन्छ । शरीरलाई चाहिने पानीको मात्रा कम हुँदा रगत बाक्लो हुन जान्छ । रगत बाक्लो हुँदा जम्ने डर हुन्छ । त्यतिबेला हृदयाघात वा मस्तिस्कघात हुने सम्भावना बढी हुन्छ ।

शरीरमा पानीको मात्रा कम हुनु भनेको यसले शरीरमा निर्जलीकरण (डिहाइड्रेसन) हुनु हो । डिहाइड्रेसनका कारण शरीरमा सोडियम र पोटासियमको मात्रामा गडबड हुन्छ । डिहाइड्रेसनले गर्दा शरीरमा रगत जमेर समस्या उत्पन्न गर्न सक्छ । यसबाट मुटुको धड्कन बढी हार्ट फेल समेत हुन सक्छ । त्यसैले डिहाइड्रेसनका कारण डिहाइड्रेसनले मुटु रोगीको ज्यानै पनि जानसक्ने हुन्छ । मुटुको औषधि खाइरहेका व्यक्तिहरू गर्मी याममा डिहाइड्रेसन भएर बेहोस भएको पाउने गरिन्छ । शरीरमा पानीको कमी लामो समयसम्म रह्यो र प्रारम्भिक लक्षणबाट पहिचान गर्न नसकेमा ऊर्जाको कमीदेखि लिएर हृदयाघातको जोखिम हुन्छ ।

शरीरका विभिन्न अंगमा रगत पुर्याउन मुटुले बढी मिहिनेत गर्नुपर्छ । यसले गर्दा मुटुलाई बढी दबाब हुन्छ । जसले गर्दा मस्तिष्क, मुटु, हातखुट्टा लगायत नसामा रगत जमेर समस्या उत्पन्न हुन सक्छ । मुटुसम्बन्धी जोखिम समूहमा रहेकाहरूलाई गर्मी याममा पनि विशेष सावधानी अपनाउनुपर्छ । मुटुको औषधि सेवन गरिरहेका र पाकाहरूले गर्मी याममा बढी चलखेल गर्दा शरीरमा पानीको कमी हुन्छ र रक्तचाप कम हुन्छ । यसले गर्दा मस्तिष्कमा रगतको प्रवाह कम हुन्छ र सम्बन्धित व्यक्ति बेहोस हुन सक्छ । गर्मीमा काम गर्दा अचेत भई कतिपय मानिसको मृत्यु भएको समाचार सुन्ने गरिन्छ । जब हाम्रो मुटुले सामान्य प्रवाहमा रक्तसञ्चार गर्न सक्दैन भने यस्तो अवस्थामा मानिस बेहोस हुने गर्छन् ।



गर्मीले गर्दा मानिसको रक्तचाप तल-माथि हुन सक्छ । दुवै अवस्था हुनु जोखिमपूर्ण नै हुन्छ । रक्तचापको औषधि सेवन गरिरहेकाहरूलाई औषधिको मात्रा घटबढ हुन सक्ने भएकाले औषधि सेवन गर्ने रक्तचापका बिरामी अत्यधिक गर्मीमा नहिँड्नु नै राम्रो हुन्छ । कतै जानु नै परे प्रशस्त तरल पदार्थ सेवनसँगै गर्मीबाट जोगिने उपाय गर्नुपर्छ । उच्च रक्तचापका रोगीलाई बढी गर्मीमा बढी मिहिनेत हुने र पसिना बगाउने काम गर्नु हुँदैन । आफूलाई रिँगटा लाग्न र बेहोसी हुने अवस्था आउन लाग्यो भन्ने थाहा पाउनेबित्तिकै हावा आउने ठाउँमा निस्कनुपर्छ, तरल पदार्थ सक्दो लिनुपर्छ । उभिइरहनु हुँदैन । यति गर्दा पनि आराम नभए देब्रे कोल्टो परेर सुत्नुपर्छ । यसो गर्दा मस्तिष्कमा रगत प्रवाह यथोचित मात्रामा भएर अचेत हुनबाट जोगिन सकिन्छ । सान्है गर्मी हुँदा चिसो पानीमा नुहाउँदा शरिरलाई शीतलता हुन्छ ।

तापमान वृद्धिको सिधा असर मानिसको मुटुमा पर्ने हुँदा शरीर चिसो बनाउन पसिना आवश्यक हुन्छ । पसिनाले नै शरीरको तापक्रम सन्तुलनमा राखिरहन्छ । उच्च तापक्रममा शरीरले आफ्नो ताप नियन्त्रण गर्न नसक्दा शरीरको भित्रिय तापक्रम बढ्न गई अत्याधिक पसिना आउने, वाकवाक लाग्ने, टाउको दुख्ने, मांसपेसीहरू बाउँडिने, बेहोस हुनेजस्ता समस्या आउन सक्छ । उच्च रक्तचापका बिरामीहरू गर्मी याममा भीड, हावाको प्रवाह (भेन्टिलेसन) नभएको कोठा वा गाडीमा धेरै बेरसम्म गुम्सिएको अवस्थामा बस्दा वा काम गर्दा रिँगटा लाग्ने र बेहोस हुने स्थिति आउन सक्छ । पर्याप्त निन्द्रा, तनाव कम गर्ने, रक्तचाप नियमित परीक्षण गर्ने (५० वर्ष पुगेका, मोटोपना, मुटुरोगी, उच्च रक्तचाप भएकाले बिशेष सावधानी अपनाउनुपर्ने हुन्छ ।

**गर्मीले मुटुमा समस्या हुनबाट जोगिने उपाय**

**प्रशस्त पानीको सेवन :** काममा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ । त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन । पानीले शरीरको तापक्रम सामान्य राख्छ । यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ । यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ । नियमित आवश्यकता अनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरिरमा पानी प्रयाप्त भए नभएको आफ्नो पिसाव सफा छ छैन हेर्नुपर्छ । अन्य स्वस्थ्य मानिसले पनि मौसम गर्मी हुँदा वा व्यायाम गर्दा त अझ बढी तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ ।

**फलफूल/जुसको सेवन गर्ने :** फलफूलमा पाइने खनिज तत्वहरूले शरिरलाई पसिनाको माध्यमबाट हुने खनिजको कमीलाई पूर्ति गर्छ र रक्तचाप र मुटुको क्रियाकलाप लाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**चिया/कफीको सेवन नगर्ने :** चियाकफीका कारण शरीरमा पानीको कमी झन् हुन थाल्छ । चिया/कफीमा पाइने कैफिनले पिसाबको मात्रा बढाएर शरिरमा पानीको मात्रालाई कमी गर्छ, अत्यधिक गर्मीमा चिया/कफीको सेवन कम गर्नु फाइदाजनक हुन्छ ।

**धुमपान तथा मद्यपान नगर्ने :** धुमपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन । त्यसमा पनि गर्मीको समयमा गरिने धुमपानले शरीरलाई सुख्खा राख्न बल पुग्दछ भने मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ ।

**गर्मीमा ब्यायाम गर्दा होस पुर्याउने :** सकेसम्म कम गर्मी भएको बेला (बिहान) हिँड्ने, ब्यायाम अगाडि पछाडि गर्ने बेलामा पानी पिउने । बिहान वा साँझमा घर बाहिरको काम वा व्यायाम गर्न सकिन्छ ।

**सकभर घरभित्रै बस्ने :** गर्मीको मौसममा चर्को घाममा लागेका बेला घर बाहिर निस्कनु स्वास्थ्यका लागि निकै जोखिम मानिन्छ । सकेसम्म घरभित्रै बस्नुपर्छ । यदि घरभित्रै बस्दा पनि दिउँसो घामतिर पर्ने झ्याल र ढोका बन्द गर्नुपर्छ र बाक्लो पर्दा लगाउनुपर्छ । सकेसम्म भित्र बत्ती पनि बाल्नुहुँदैन । निस्कनै पर्ने अवस्थामा टोपी वा छाता लिएर या बिहान-बेलुकीको समयमा निस्कनुपर्छ ।

**चर्को घामबाट बच्ने :** दिउँसोको सूर्यको किरणबाट बच्नुपर्छ । अति बढी परिश्रम पर्ने कामहरू कम गर्नपर्छ । बाहिर निस्कने बेलामा छाता, टोपी, चश्मा, पातलो तथा खुकुलो कपडा र सन स्क्रिनको प्रयोग गर्न सकिन्छ ।

**उपयुक्त कपडा प्रयोग गर्ने :** जोखिम समूहका व्यक्तिहरूले बढी गर्मीमा हल्का लुगा लगाउनुपर्छ । सिन्थेटिक, नाइलन, पोलिस्टरको सट्टा सुतीका लुगा लगाउनुपर्छ । टाइट र गाढा रङका लुगा लगाउनु हुँदैन ।

यी माथि उल्लेख गरिएका विभिन्न उपायहरूका बारेमा सचेत र सजग हुन सकेमा गर्मी याममा हुनसक्ने जोखिमबाट बच्न सकिन्छ । अत्यधिक गर्मीका कारण यदि बेचैनी या असहज महसुस हुन्छ भने तत्काल रक्तचापको परीक्षण गराउनुपर्छ । यदि रक्तचाप उच्च छ भने तत्काल डाक्टरको परामर्श लिनुपर्छ । (प्रस्तुत विचार वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिलसँग रासमका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित छ)

# अर्थतन्त्र चलायमान बनाउने ढङ्गले बजेट आएको छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र चलायमान बनाउने ढङ्गले वजेट निर्माण भएको बताउनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ५ ले सोमबार बिहान यहाँ आयोजना गरेको क्षेत्रीय सम्मेलनमा उहाँले देश र जनतालाई केन्द्रविन्दूमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने ढङ्गले बजेट निर्माण भएको दाबी गर्नुभएको छ । "केही समूहलाई बजेटबारे चित्त बुझेको छैन, दृढ अठोठका साथ कुनै स्वार्थ समूहको कुरा नसुनी बजेट निर्माण गरेका हौँ, बजेटले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्छ, बजेटले सबै क्षेत्रलाई समेटेको छ", उहाँले भन्नुभयो । निरपेक्ष भावका साथ बजेट निर्माण गरिएको उहाँको भनाइ छ ।

अर्थमन्त्री डा महतले आफ्नो अठोट देश र जनताप्रति भएको स्पष्ट पार्नुभयो । "हाम्रा आकाङ्क्षाहरू धेरै छन् तर स्रोत र साधन सीमित छन्, भएका स्रोत साधनलाई उच्चतम प्रयोग गरी अर्थतन्त्रलाई चलायमान बनाउन लाग्नुपर्छ", उहाँले भन्नुभयो । नेपाली कांग्रेसका प्रवक्तासमेत रहनुभएका डा महतले पार्टीभित्र अनुशासन जरुरी रहेको बताउनुभयो । पार्टीभित्र एक अर्काप्रति आदर र सम्मान गर्ने परिपाटी राख्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले कांग्रेस बलियो भए कुनै राजनीतिक दल र शक्तिसँग समन्वय र गठबन्धन गर्न नपर्ने बताउनुभयो । पार्टीभित्र छलफल गरी निष्कर्ष निकालेर बाहिर एक स्वरका साथ जानुपर्ने उहाँको भनाइ छ । व्यक्ति पार्टीभन्दा ठूलो बन्न नसक्ने डा महतले बताउनुभयो ।

**बजेट कठिन परिवेशमा आएको छ : अर्थमन्त्री डा महत**

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट कठिन परिवेशमा आएकाले यसलाई सोहीरुपमा बुझ्नु आग्रह गर्नुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै वैदेशिक र आन्तरिक ऋण, राजस्व सङ्कलनको अवस्था, कोरोना महामारी र रुस-युक्रेन युद्धको असरले पुऱ्याएको प्रभावलगायत सबैलाई स्वीकार गरी आफूले बजेट निर्माण गरेको बताउनुभयो ।

बढ्दै गएका समस्या एउटा मात्रै धक्काले मात्र समाधान हुन्छ भनि बजेटमा नभनिएको भन्दै अर्थमन्त्री डा महतले यी सबै समस्या एक-एक गरी समाधान गर्ने गरी बजेट निर्माण गरेको दाबी गर्नुभयो । उहाँले बजेट वितरण गर्ने प्रवृत्तिलाई अझै पनि नियन्त्रण गर्न नसकिएको स्वीकार गर्नुभयो । "थप वैदेशिक अनुदानका लागि प्रतिबद्धता आएको छ । सरकारले प्राथमिकता निर्धारण जनताका आवश्यकताका आधारमा गर्ने हो", उहाँले भन्नुभयो, "बजेट नाराका लागि होइन, कार्यान्वयन हुने गरी आएकोमा म स्पष्ट पार्न चाहन्छु ।"

बजेटको आकारका विषयमा उठेको प्रश्नका सन्दर्भमा उहाँले सीमित साधन र स्रोतका आधारमा काम गर्नुपर्ने अवस्था रहेको र त्यसकै आधारमा प्राथमिकता निर्धारण गरिएको बताउनुभयो । तिर्नुपर्ने ऋणको दायित्व बढेको अवस्था, राजस्वको र वैदेशिक सहयोगको घट्दो अवस्थालगायत कारण चालु आवकोभन्दा आगामी आवको बजेट कम आकारको भएको उहाँको भनाइ छ । अर्थमन्त्री डा महतले संसदीय विकास पूर्वाधार कार्यक्रमले पुँजीगत खर्च बढाउन योगदान पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । उहाँले सांसदले क्षेत्रमा बजेट पुगेन भनी गुनासो गर्नुभएकाले यो कार्यक्रम राखिएको समेत बताउनुभयो ।

कुनै ठाउँमा कार्यक्रम छुटेमा त्यसलाई सम्बोधन गर्न संसदीय विकास पूर्वाधार कार्यक्रमबाट कम्तीमा रु पाँच करोड सुनिश्चित हुन्छ भन्ने उद्देश्य राखिएको उहाँको भनाइ छ । "हरेक क्षेत्रमा दिइने रु पाँच करोड सांसदको खल्तीमा जाने पैसा होइन, सडक, सहरी पूर्वाधार, पर्यटन पूर्वाधारमा यो खर्च हुन्छ, यसका लागि सांसदले सिफारिसमात्र गर्ने हो, सांसदले सिफारिस पनि गर्न नपाउने भन्ने कुरा जायज छैन, खर्च गर्न नचाहने सांसदको रकम अत्यावश्यक पुँजीगत खर्चमा रकमान्तर गर्न सकिने छ", मन्त्री महतले भन्नुभयो । सुख, दुःखमा सांसदले सहयोग गरुन् भन्ने जनताको माग भएकैले एक सय ६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष, समानुपातिक र राष्ट्रियसभाका सांसदले यसको सिफारिस गर्नसक्ने गरी कार्यविधि निर्माण गरिने पनि उहाँले स्पष्ट पार्नुभयो । भौतिक विकासमा जनताको धेरै माग भएकाले नै यस्तो व्यवस्था गर्नुपरेको मन्त्री महतको भनाइ छ ।



प्रतिनिधिसभा बैठकमा आठ दिनसम्म चलेको बजेटमाथिको छलफलमा सांसदहरूले बजेटमाथि विभिन्न टिप्पणी गर्नुभएको थियो । उहाँहरूले बजेटको भिजन स्पष्ट नभएको, समाजवादोन्मुखबाट चुकेको, आर्थिक वृद्धिको लक्ष्य महत्वाकाङ्क्षी भएको, राजस्वको लक्ष्य महत्वाकाङ्क्षी भएको भन्दै आलोचना गर्नुभएको थियो । साथै साधारण खर्च घटाउन नसकेको, प्रभावकारी कार्यान्वयन हुन नसकेको, कृषि र स्वास्थ्यमा बजेट कमी भएको, औचित्यका हिसाबले खर्च कटौती गर्ने संस्थाका बारेलगायत विषयमा विभिन्न प्रश्न उठाउनुभएको थियो ।

**तीन जिल्लामा बिनियोजित बजेट धेरै होइन : अर्थमन्त्री डा महत**

अर्थमन्त्री डा प्रकाशशरण महतले तीन जिल्लामा बढी रकम बिनियोजन गरिएकोप्रति स्पष्टीकरण दिनुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा उठेका प्रश्नको उत्तर दिँदै उहाँले तीन जिल्लामा बिनियोजन गरिएको बजेट ठूलो नभएको दाबी गर्नुभयो ।

"भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि पुँजीगततर्फ कूल रु एक सय २३ अर्ब विनियोजन भएको छ । त्यसैले तीन जिल्लामा छुट्याएको रकम ठूलो होइन", उहाँले भन्नुभयो । उहाँले कतिपय पहाडी जिल्लामा अझै पनि आधारभूत सडक पूर्वाधार अपर्याप्त रहेकाले आवश्यकताका आधारमा सडक आयोजनामा विनियोजन बढाउनुपरेको स्पष्ट पार्नुभयो । साथै उहाँले मधेस प्रदेशमा पनि राम्रो बजेट विनियोजन गरिएको स्पष्ट पार्नुभएको छ । "पूर्व-पश्चिम राजमार्ग, पथलैया-वीरगञ्ज कोरिडोर, चन्द्रपुर-गौर राजमार्ग, हुलाकी राजमार्ग, सुनकोशी मरिन, बागमती, कमला, चन्द्र नहरलगायतका सिंचाई आयोजनालगायत मधेश प्रदेश लक्षित राष्ट्रिय गौरव तथा ठूला आयोजनामा उल्लेख्य रकम विनियोजन भएको छ", उहाँले भन्नुभयो ।

अर्थमन्त्री डा महतले तराई मधेसलाई काठमाडौंसँग जोड्ने द्रुत मार्गमा पनि उल्लेख्य बजेट विनियोजन भएको बताउँदै उहाँले विभिन्न औद्योगिक पूर्वाधार तथा व्यापारिक पूर्वाधार आयोजना मधेश प्रदेसमै सञ्चालित रहेको बताउनुभयो । शहरी विकास र खानेपानीतर्फ समेत उल्लेख्य रकम मधेस प्रदेशमा विनियोजन भएको उहाँको भनाइ छ ।

मधेस प्रदेशमा ठूलो जनसंख्या भएकाले सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रमा पनि बजेटको ठूलो हिस्सा विनियोजन हुने गरेको छ । प्रदेश र स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण हेर्दा कूल वित्तीय हस्तान्तरणको करिब १५ प्रतिशत मधेस प्रदेशमा गएको उहाँको भनाइ छ ।

**बजेटमा अर्थतन्त्रका चुनौतीको वस्तुगत समीक्षा गरिएको छ : अर्थमन्त्री**

अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेटमा अर्थतन्त्रका विद्यमान चुनौतीहरूको गहिरो र वस्तुगत समीक्षा गरिएको बताउनुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै उहाँले अर्थतन्त्रमा देखिएका समस्या र चुनौतीलाई सम्बोधन गर्ने गरी अर्थतन्त्रलाई गतिशिल बनाउन बजेटमा जोड दिइएको उल्लेख गर्नुभयो ।

उहाँले पुँजीगत खर्च कम हुनुका कारणहरू पहिचान गरी समाधानका उपाय निकालिएको, सार्वजनिक खर्चको मितव्ययितामा जोड दिइएको दाबी गर्नुभयो । उहाँले आर्थिक सुधार र निजी लगानी प्रवर्द्धनका लागि नीतिगत सुधारको घोषणा गरिएको, डिजिटल र हरित अर्थतन्त्रमा जोड दिइएको उल्लेख गर्नुभयो । बजेटमार्फत नवप्रवर्तनमा जोड दिएको, उत्पादन र रोजगारीलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरू ल्याइएको उहाँको भनाइ छ । बजेटमा निर्माणाधिन ठूला पूर्वाधार आयोजनालाई निरन्तरता दिइएको, राजस्वको आधार विस्तार गरिएको, कर छुटलाई घटाइएको, करका दर सामयिक परिमार्जन गरिएको र कर प्रशासनको प्रणालीगत सुधारमा जोड दिइएको बताउनुभयो ।

सो अवसरमा अर्थमन्त्री डा महतले वातावरणीय हिसाबले उपयुक्त देखिएमा मात्रै अवस्थामा मात्र ढुङ्गा गिट्टी निर्यात गर्ने पनि बताउनुयो । उहाँले प्राकृतिक स्रोतलाई उपयोग गरी मौद्रिकीकरण गर्ने सम्भाव्यता अध्ययन गरी निर्यातका आधार तयार गर्न खोजिएको स्पष्ट पार्नुभयो । तर वातावरणीय पक्षलाई उपेक्षा नगरी वातावरणीय सन्तुलनलाई कायमै राखेर काम गरिने उहाँको भनाइ छ । "चुरेलाई नै भत्काएर निर्यात गर्न खोजेको जसरी व्याख्या गरिएको छ, तर वातावरणीय दृष्टिले निर्यात गर्न मिल्ने मात्रै निर्यात हुन्छ", उहाँले भन्नुभयो, "भुटानले पनि त निर्यात गरिरहेको छ भने अष्ट्रेलियामा पनि ठूला-ठूला खानी उत्खनन् भइरहेका छन्", उहाँले भन्नुभयो ।

**विद्युतीय गाडीमा लाग्ने कर व्यावहारिक बनाएका छौँ : अर्थमन्त्री**

अर्थमन्त्री डा प्रकाशशरण महतले विद्युतीय गाडीमा विगतमा भएको अव्यावहारिक भन्सार करलाई व्यावहारिक बनाउन विद्युतीय गाडीलाई पाँच वर्गमा छुट्ट्याएर कर लगाएको बताउनुभएको छ । प्रतिनिधिसभामा २०८०/८१ को बजेटमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले १०० किलोवाटसम्म १० प्रतिशत र १०१ किलोवाट हुने वित्तिकै ३० प्रतिशत भन्सार लगाउनु व्यावहारिक नभएकाले पाँच वर्गमा विभाजन गरी व्यावहारिक बनाइएको बताउनुभयो ।

यसअघि विद्युतीय सवारी साधनलाई चार वर्गमा विभाजन गरी कर लगाइएको थियो । जसमा १०० किलोवाटसम्म १० प्रतिशत भन्सार महसुल, १०० देखि २०० किलोवाटसम्मका ३० प्रतिशत भन्सार महसुल र ३० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था थियो । साथै २०० किलोवाटदेखि ३०० किलोवाटसम्म ४५ प्रतिशत भन्सार महसुल र ४५ प्रतिशत अन्तःशुल्क लाग्ने र ३०० किलोवाटभन्दा माथिका सवारी साधनमा ६० प्रतिशत भन्सार महसुल र ६० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था थियो ।

अब ५० किलोवाटसम्मका लागि १० प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै ५० देखि १०० किलोवाटसम्म १५ प्रतिशत भन्सार महसुल र १० प्रतिशत अन्तःशुल्क लाग्ने र १०० किलोवाटदेखि २०० किलोवाटसम्मका लागि २० प्रतिशत भन्सार महसुल र २० प्रतिशत अन्तःशुल्क लाग्ने छ । साथै २०० किलोवाटदेखि ३०० किलोवाटसम्मका विद्युतीय सवारी साधनमा लागि ४० प्रतिशत भन्सार महसुल र ४५ प्रतिशत अन्तःशुल्क लाग्नेछ । त्यसैगरी सोभन्दा बढी क्षमताको हकमा साविक बमोजिमकै दरमा लाग्ने व्यवस्था गरिएको अर्थमन्त्री डा महतको भनाइ छ ।

पेट्रोलियम पदार्थमा आधारित सबै क्षमताका सवारी साधनमासमेत भन्सार दर एउटै रहेको उहाँको भनाइ छ । सवारीमा क्षमताको आधारमा अन्तःशुल्क दरमा मात्र सामान्य फरक रहेको उहाँले प्रष्ट पार्नुभयो । रासस

## आलुप्याज जसरी सवारी साधन किन्न सकिन्न : अर्थमन्त्री महत

काठमाण्डु । अर्थमन्त्री डा. प्रकाशशरण महतले सीमा पार गएर आलु प्याज किने जसरी सवारी साधन खरिद गर्न नसकिने भन्दै करका दरसम्बन्धी का सूचना चुहाएर धेरै गाडी आयात भए भन्न नमिल्ने बताउनुभएको छ ।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको सामान्य छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा महतले विद्युतीय गाडीमा निर्धारण गरिएको करका दरसम्बन्धी सूचना चुहावट भएकाले बजेट अगाडि धेरै गाडी आयात भए भन्नुको कुनै अर्थ नभएको बताउनुभयो । अहिले आयात भएका एक हजार तीन सय गाडीमध्ये ९० प्रतिशत गाडीको प्रतितपत्र (एलसी) चैतमै खुलेको पनि उहाँको भनाइ छ ।

"करको दर परिवर्तन गर्ने प्रस्तावसम्बन्धी छलफल बजेट आउने अघिल्लो दिन रातिमात्र हुने र उक्त समयमा भन्सार बन्द हुने गरेको छ, हरेक बर्ष बजेट भाषण अगाडि भन्सारबाट धेरै सामान आयात हुन्छ, तथ्याङ्कले नै यो पुष्टि गर्छ, राजश्व तिर्ने क्षमता भए नाकामा रोकिएका सामान पनि यही समयमा भित्रिने गरेको छ", उहाँले भन्नुभयो । विद्युतीय सवारी साधन प्रवर्द्धन गर्नकै लागि नेपालमा सार्क मुलुकमै सबैभन्दा कम कर लगाइएको समेत मन्त्री महतको भनाइ छ । सार्क मुलुकमा विद्युतीय सवारी साधनमा लाग्ने पैठारी महसुल दर नेपालको तुलनामा धेरै रहेको उहाँले बताउनुभयो ।

भारतमा अनएसेम्बल अवस्थाका साधनमा ३५ प्रतिशत, ४० हजार अमेरिकी डलरसम्मका लागि ६० प्रतिशत र सोभन्दा बढी मूल्यको हकमा १०० प्रतिशत छ । पाकिस्तानमा ५० प्रतिशत, बङ्गलादेशमा सबै प्रकारको कर गरेर करिव ९० प्रतिशत र श्रीलङ्कामा ५० किलोवाटसम्मका लागि १५ प्रतिशत भन्सार र प्रतिकिलोवाट १५ हजार अन्तःशुल्क लाग्ने व्यवस्था रहेको मन्त्री महतले बताउनुभयो ।

अर्थमन्त्री डा महतले सर्वसाधरणले प्रयोग गर्ने २०० सिसि क्षमताको मोटरसाइकलको अन्तशुल्क र २००० सिसि क्षमताको कारको अन्तशुल्क एउटै भएकाले त्यसलाई समायोजन गरिएको पनि स्पष्ट पार्नुभयो ।

"आर्थिक वर्ष २०७७/७८ मा २०० सिसिभन्दा बढी क्षमताका रु तीन अर्ब ६१ करोड मूल्यका २४ हजार ३०५ थान मोटरसाइकल पैठारी भई रु तीन अर्ब ९४ करोड राजस्व संकलन भएकोमा चालु आर्थिक वर्षको वैशाखसम्म रु ६२ करोड मूल्यका ३ हजार ६४८ थान मात्र पैठारी भई सोबाट ८५ करोड राजस्व प्राप्त भएको देखिन्छ", उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा संख्यात्मकरुपमा ६६० प्रतिशत, मूल्यगतरुपमा करिब ५८० प्रतिशत र राजस्व संकलनमा करिब ४९० प्रतिशतले कमि आएको देखियो ।"

अर्थमन्त्री डा महतले गत आर्थिक वर्षमा २०० सिसि क्षमताभन्दा माथिका मोटरसाइकलमा लाग्ने अन्तःशुल्क मात्र बढेको र अन्तःशुल्कको दर २००० सिसि क्षमतासम्मका चारपाङ्ग्रे सवारी साधनको भन्दा बढी रहेको देखिएकाले करका दर समायोजन गरिएको स्पष्ट पार्नुभयो ।

त्यस्तै २०० सिसिदेखि ४०० सिसि क्षमतासम्मका मोटरसाइकलको समूहभित्र कुनै एक निश्चित कम्पनी र घरनाले आयात गर्ने निश्चित ब्राण्डका मोटरसाइकल मात्र नपरी एक दर्जनभन्दा बढी कम्पनीले आयात गर्ने एक दर्जनभन्दा बढि ब्राण्डका करिब तीन दर्जन मोडलका मोटरसाइकल पनि पर्ने उहाँले बताउनुभयो । रासस

# मन्त्री रिजालद्वारा नेपाली महावाणिज्य दूतावासको निरीक्षण

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले भारतको कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको निरीक्षण गर्नुभएको छ ।

भारतको कोलकातामा आयोजना हुने बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडी प्रयास (बिम्स्टेक) व्यापार सम्मेलनमा सहभागी हुन त्यहाँ पुग्नुभएको उहाँले सोमबार महावाणिज्य दूतावासको निरीक्षण गर्नुभएको हो ।

मन्त्री रिजाललाई महावाणिज्यदूत ईश्वरराज पौडेल तथा दूतावासका अन्य कर्मचारीले दूतावासकाकामकारबाहीकाविषयमा जानकारी गराउनुभएको थियो । उहाँले नेपाल-भारतबीच भएको पारवहन सन्धिअनुसार सेवा प्रवाह बारेमा विस्तृत जानकारी लिनुभएको मन्त्री रिजालको सचिवालयले जनाएको छ ।

सो अवसरमा मन्त्री रिजालले महावाणिज्य दूतावासबाट हुने सेवा प्रवाह प्रवाभकारी बनाउन निर्देशन दिनुभएको थियो ।

बिम्स्टेक व्यापार सम्मेलन यही जेठ ३०, ३१ र ३२ गते भारतको कोलकातामा हुँदैछ । नेपालमा लगानी भित्र्याउने तथा व्यापार प्रवर्द्धनलगायत विषयमा मन्त्री रिजालले सम्बोधन गर्ने कार्यक्रम छ । सम्मेलनमा सहभागी हुन मन्त्री रिजाल आइतबार भारत प्रस्थान गर्नुभएको थियो । रासस

## प्रतिनिधिसभामा दुई विधेयक प्रस्तुत

काठमाण्डु । प्रतिनिधिसभामा 'विनियोजन विधेयक, २०८०' र राष्ट्र ऋण उठाउने विधेयक, २०८० प्रस्तुत भएका छन् ।

सभाको सोमबारको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले उक्त दुवै विधेयक प्रस्तुत गर्नुभएको हो ।

दुवै विधेयक प्रस्तुत गर्नुअघि सांसद प्रेम सुवालले राख्नुभएको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथिको विरोधको सूचनालाई बैठकको बहुमतले अस्वीकृत गरेको थियो । रासस

## कांग्रेसले सत्ता र विचारका लागि सम्झौता गर्दैन : महामन्त्री थापा

मनहरी । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सत्ता र विचारका लागि कांग्रेसले कसैसँग पनि सम्झौता नगर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस पार्टी पद मात्र पाउने आशमा जन्मेको पार्टी नभएको भन्दै उहाँले अब कांग्रेसले वडादेखि केन्द्र र राष्ट्रपति निर्वाचनमा गठबन्धन नगर्ने बताउनुभयो ।

नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ र २ को प्रदेशसभा '२' को संयुक्त आयोजनामा आज आयोजित क्षेत्रीय सम्मेलनमा महामन्त्री थापाले पार्टीले अब चार वर्षभित्र काम गर्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीभित्र आत्मविश्वास गुमाएर कमजोर नहुन कार्यकर्तालाई आग्रह गर्दै उहाँले कांग्रेस चुनाव जित्नभन्दा पनि नेपाली जनताको मन जित्न जन्मेको पार्टी भएको बताउनुभयो । आशाले मान्छे बाँचे जस्तै कांग्रेस पनि भोलिको आशाको केन्द्र बन्ने उहाँको भनाइ थियो ।

देशमा समस्या पर्दा निकास दिने पार्टीका रूपमा कांग्रेस रहेको बताउँदै उहाँले पार्टीभित्र विचारको आकर्षण रहेको औंल्याउनुभयो ।

बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले जनताको मन जित्न विकासको एजेन्डा र भिजन आवश्यक रहेको बताउनुभयो । उहाँले पार्टी र नेतृत्वसँगको मनमुटावलाई सामाजिक सञ्जालमा जथाभावी रूपमा लेखेर समस्या समाधान नहुने बताउनुभयो । रासस

# रैथाने बालीलाई प्रवर्द्धन गर्ने सरकारको नीति छ : मन्त्री महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले स्थानीय रैथाने बालीलाई प्रवर्द्धन गर्ने नीति सरकारको रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा २०८०/८१ को बजेटमा उठेका प्रश्नको जवाफपछि सांसदका प्रश्नको उत्तर दिनुहुँदै उहाँले पहिले फल्ने तर अहिले विभिन्न कारण उब्जनी हुन छोडेका गहतलगायत बाली उत्पादन जोड दिने प्रतिबद्धता जनाउनुभयो । साधन स्रोत बढ्दै जाँदा सबै क्षेत्रमा बजेटका आकार पनि बढ्ने भनाइ मन्त्री महतको थियो ।

बैठकमा सांसदहरु अमृत राजवंशी, मङ्गल गुप्ता, रामहरि खतिवडा, भीमप्रसाद आचार्य, महेन्द्रबहादुर शाही, पदम गिरी, छिरिङ डण्डुप लामा भोटे, रामकुमार राई, अर्जुननरसिंह केसी, श्याम घिमिरे, बिजुला रायमाझी, प्रतीक्षा तिवारी, सम्झना थपलिया, हरि उप्रेती, अमृतादेवी अग्रहरि, रेखा यादव, मञ्जु शर्मा अन्सारी, गीता बस्नेत, शिव नेपाली, विराजभक्त श्रेष्ठ, नागिना यादव, लेखनाथ दाहाल, ऐनबहादुर शाही, मैना कार्की लगायतले मन्त्री महतले दिनुभएका जवाफका विषयमा प्रश्न गर्नुभएको थियो । उहाँहरुले कोरोनाअघि हनुमानढोका दरबार स्वयम्भूजस्ता सांस्कृतिक क्षेत्रबाट नै वार्षिक रु ४० करोड राजस्व आउने गरेको उल्लेख गर्नुहुँदै बजेट सबै क्षेत्रमा सन्तुलित रुपमा विनियोजन हुनुपर्नेमा जोड दिनुभयो । रासस

# सरकारले माध्यमिक शिक्षा र विश्वविद्यालय छाता ऐन ल्याउँदैछ : शिक्षामन्त्री राई

काठमाण्डु । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सरकारले माध्यमिक शिक्षा ऐन र विश्वविद्यालय छाता ऐन ल्याउने प्रक्रिया अघि बढाएको बताउनुभएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सोमबारको बैठकमा मन्त्री राईले त्रिभुवन विश्वविद्यालयभित्र हुने दलीय राजनीतिक गतिविधिले सुरक्षित वातावरणमा पढ्न पाउने अधिकारबाट विद्यार्थी वञ्चित हुनुपरेकाले विश्वविद्यालय छाता ऐन ल्याउने प्रक्रिया अघि बढेको बताउनुभयो ।

उहाँले सरकारको नीति तथा कार्यक्रममा समावेश भए अनुसार शिक्षामा आवश्यक बजेट विनियोजन नभएको गुनासो गर्दै नीति तथा कार्यक्रममा विद्यालय कर्मचारीको उचित व्यवस्थापन गर्ने उल्लेख भए पनि बजेटले सम्बोधन गर्न नसक्नु दुःखद् भएको बताउनुभयो ।

बैठकमा समितिका सांसदहरूले विद्यालय कर्मचारीको आन्दोलनको सम्बोधन हुनुपर्ने, विश्वविद्यालयमा सुरक्षित पढ्न पाउने वातावरणको सिर्जना गर्नुपर्ने, सङ्घीय शिक्षा ऐन तत्काल ल्याइनुपर्नेलगायत विषयमा प्रश्न उठाउनुभएको थियो । रासस


## भाट भटेनी सुपर मार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि. आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति २०७९/०२/३०**

मधेश प्रदेश धनुषा जिल्ला वडा नं.-१४ मुजेलिया जनकपुरधाम उपमहानगरपालिका भाट भटेनी सुपर मार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि. देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | श्री भाट भटेनी सुपर मार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि. वड नं.-१४, मुजेलिया जनकपुरधाम उपमहानगरपालिका, मधेश प्रदेश फोन नं. (9777) 4419181, 4413825 |
| **प्रस्तावको व्यहोरा** | सुपर मार्केट |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | जनकपुरधाम उपमहानगरपालिका, धनुषा, वडा नं.-१४, मुजेलिया |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्यन प्रतिवेदन तयार गर्ने सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो साकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न वडा नं. १४, जनकपुरधाम उपमहानगरपालिकाको समिति वडा, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भाट भटेनी सुपर मार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि. वडा नं. १४ जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश, फोन नं. (9777) 4419181, 4413825 Email:- info@bbsm.com.np |
| **परामर्शदाताको नाम र ठेगाना** | श्री मोईरा इन्जिनियरिङ कन्सल्टेन्सी मुली बगैचा-१२, वीरगंज, पर्सा, फोन नं. ९८६०२६३८२७, moiraengineerng19@gmail.com |

## प्रथम विश्वयुद्धको एकसय पाँच बर्ष

# युद्धमा मारिएका व्यक्तिहरूको खोजी र सम्झना अझै सान्दर्भिक

एएफपी

फ्रान्स । करिब १०५ वर्षअघि प्रथम विश्वयुद्धमा मारिएका तर हालै मात्र पहिचान भएका तीन जना क्यानडाली सैनिकको अवशेष फ्रान्समा सैन्य भावनाले भरिएको समारोहबीच पुन ः गाडिएको छ ।


यस युद्धमा लाखौं सैनिकको मृत्यु भएको थियो तर अहिलेसम्म उत्तरी फ्रान्सको खेतबारीमा रहेका केही सैनिकको मात्र पहिचान भएको छ । हालका वर्षहरूमा उत्तरी फ्रान्समा धेरै भन्दा धेरै प्रथम विश्वयुद्ध सैनिकहरूको अवशेषहरू फेला परेका छन् । यसका लागि प्रमुख पूर्वाधार परियोजनाहरू र मृतकहरूको आफन्तसँग समन्वय गर्ने निकायहरूको उत्कृष्ट सङ्गठनप्रति आधार प्रकट गर्नुपर्छ ।

युद्धमा ३२ वर्षको उमेरमा मृत्यु भएका आफ्ना काका सर्जेन्ट रिचर्ड मुसग्रेभका ७७ वर्षीय गोर्डन गिलफेथरले भन्नुभयो,"हामीलाई थाहा थियो उहाँ फ्रान्समा मारिनुभएको थियो र उहाँलाई भिमी मेमोरियलमा सम्मान गरिएको थियो । तर याद गर्नुको विकल्प के नै छ ? केबल सम्झना गर्नु र उनीहरूप्रति सद्भभाव दर्शाउनु हाम्रो दायित्व हुनेछ । " नजिकैको अरसको उत्तरमा रहेको भिमी मेमोरियलमा प्रथम विश्वयुद्धमा फ्रान्समा ज्यान गुमाएका ११ हजार २८५ क्यानेडियाली नागरिकको नाम अङ्कित गरिएको छ । उत्तरपूर्वी शहर लिले नजिकै लुस-एन-गोहेलस्थित बेलायती चिहानमा बिहीबार आयोजित समारोहमा गिलफेथरले भन्नुभयो, "यो निकै भावनात्मक दिन हो ।"

अर्का नातिनी ८३ वर्षीय जेम्स मुसग्रेभ कोल्टम्यानले समारोहबारे भन्नुभयो, "यो अचम्मको विचार हुनसक्छ तर म (मृतक सैनिक) उहाँको बहिनी, जो हाम्रो हजुरआमा हुनुहुन्थ्यो, केबल यो हेर्न यहाँ उपस्थित भएको र मेरो हजुरबाप्रतिको सम्मान व्यक्त भएको हेर्न चाहन्थें । किनकी उहाँले आफ्नो दाजुलाई अनाहकमा मारिएकोमा निकै पश्चाताप गर्नुहुन्थ्यो ।" मुसग्रेभको शव सन् २०१७ मा लेन्स नजिकै फेला परेको थियो र उहाँसँग भेटिएका २४ वर्षीय ह्यारी आथर्टन र २३ वर्षीय पर्सी हावर्थसँगै बेलायती चिहानमा पुनः गाडिएको थियो । तीनै जना बेलायतमा जन्मिएका थिए र क्यानडामा बसाइँ सरेका थिए र युरोपमा भर्ती भएर युद्ध गर्न फर्केका थिए ।

**छ लाख अझै वेपत्ता**

१९१७ को अगस्टमा हिल-७० को युद्धको पहिलो दिन १० हजारभन्दा बढी क्यानेडियालीहरू लेन्सको रणनीतिक खानीहरूको शहरलाई पुनः कब्जा गर्ने प्रयासमा मारिएका थिए वा घाइते भएका थिए । प्रथम विश्वयुद्धको समयमा उत्तरी फ्रान्समा हराएका छ लाख सैनिकहरूमध्ये हरेक छ जनामा एक भूतपूर्व बेलायती साम्राज्यका थिए ।



युद्धका समय मारिएका र गाडिएका सैनिकको अवशेष धेरै वर्षसम्म पेरिस र बेल्जियमको सिमानाको बीचमार्गी नरन्तर फेला पर्थे तर कुनै ोच र विचार बिना नै चुपचाप हटाइन्थ्यो । अरासस्थित पुरातत्व विभागका प्रमुख एलेन ज्याक्सले भन्नुभयो, "जब पहिलो ठूला पूर्वाधार परियोजनाहरू निर्माण गरिएको थियो, त्यहाँ उत्खननको लागि आधिकारिक प्रक्रिया थिएन । परियोजनाहरूको कामले बाधा पुऱ्यायो भने आफुहरूको काम रोकिने झण्झटका कारण स्थानीय 'रियल इस्टेट'का जन्मदाताहरू र किसानहरू उनीहरूले फेला पारेका शवहरूबारे उल्लेख गर्न हिचकिचाउँथे ।" ज्याक्सले भन्नुभयो, "त्यसयता निर्माण स्थलहरूमा व्यवस्थित रूपमा विस्फोटक पदार्थ र अवशेष सफा गर्ने अधिकारीहरूलाई बोलाउँछन् ।

सेनाका रूपमा गरिने जिम्मेवार सेवाहरू अधिक उत्तरदायी हुने हुनाले पूर्व सैनिकहरूलाई प्रायः यी अवशेषहरूले छुन्छन् । किनकि उनीहरूसँग युद्धको साथै र राष्ट्रभक्तिको भावना जोडिएको छ ।" कमनवेल्थ वार ग्रेभ्स कमिसन (सीडब्ल्यूजीसी) ले राष्ट्रमण्डल सैनिकहरूको अवशेष पहिचान गर्न राष्ट्रिय अधिकारीहरूलाई सहयोग गर्दछ ।

सन् २०२१ देखि उत्तरी फ्रान्समा दुई जना मानवशास्त्रीहरू मानव अवशेष र तिनीहरूलाई पहिचान गर्न रेजिमेन्ट बिल्ला र रोजगारदाताको सङ्केत गर्ने शुरूवाती अक्षरहरू भएका व्यक्तिगत वस्तुहरू सङ्कलन गर्न मद्दत गर्न सक्ने सहयोगी तैनाथ छन् । "हामीले निर्माण उद्योग, खानी सफा गर्ने र प्रहरीलाई समावेश गरेर एक सञ्जाल निर्माण गरेका छौं, त्यसैले रोचक खोजहरू आउँदा हामीलाई सूचित गरिन्छ," सीडब्ल्यूजीसीको रिकभरी युनिटका प्रमुख स्टेफन नाजीले भन्नुभयो ।

प्रत्येक वर्ष, यो सेवाले खेत वा हावाबाट बिजुली निकाल्न प्रयोग गरिएका ठूलाठूला ' विन्डफार्म' जस्ता निर्माण स्थलहरूमा फेला परेका ४० देखि ६० वटा शवहरू ह्यान्डल गर्दछ ।

**'महत्वपूर्ण अवसर' –**

हाल पहिचान भइरहेका मध्ये धेरै अवशेष लेन्सको नयाँ अस्पतालस्थलमा फेला परेका थिए । पेरिसको उत्तरमा रहेको कम्पिग्नेदेखि बेल्जियमको सीमा नजिकको क्याम्ब्राई जोड्ने सेन-नोर्ड नहर खन्ने क्रममा दशौं, सम्भवतः सयौं अन्य लाई उत्खनन गर्न सकिन्छ । यसको १०७ किलोमिटर (६६-माइल) लम्बाइको लागि, नहरले पहिलो विश्वयुद्धको अग्रपङ्क्तिलाई पछ्याउँछ । "अहिले पनि एक लाख सैनिक पहिचानविना नै फ्रान्सको युद्धभूमिमुनि गाडिएको अवस्थामा छन्," सीडब्ल्यूजीसीका महानिर्देशक क्लेयर होर्टनले मे ४ मा कमनवेल्थ पीडितहरूको बारेमा भन्नुभयो ।

होर्टनले थप्नुभयो, "उनीहरूका प्रियजनहरूको कुनै ठेगाना छैन, तिनीहरूलाई एक लाख परिवारहरूसँग यथाअवस्थामा पुनः मिलन गराउन हामी काम गर्नेछौं ।" होर्टनले अस्पताल र नहरको निर्माणले ' अवसरको छोटो तर महत्वपूर्ण ढोका' को प्रतिनिधित्व गरेको बताउनुभयो । "बीस देखि तीस हजार मानिसहरू यो सानो पाँच किलोमिटर क्षेत्रभित्र मरेका थिए," उहाँले भन्नुभयो । अस्पतालस्थलमा 'हरेक पटक जब उनीहरूले जमीनमा खन्ने काम गर्छन्, उनीहरूले कसैलाई भेट्टाउँछन्' ।

## दक्षिण एसियाली योग

# च्याम्पियनशिपको उपाधि भारतलाई

काठमाण्डु । तेस्रो दक्षिण एसियाली योग स्पोर्टस च्याम्पियनशिपको उपाधि भारतले जितेको छ । भारतले ६ स्वर्ण, ८ रजत र ४ कास्य पदक जित्दै प्रतियोगितामा च्याम्पियन बनेको हो ।

काठमाडौँको तिलगङ्गास्थित नेपाल-भारतमैत्री धर्मशालामा आज सम्पन्न उक्त प्रतियोगितामा समान ६ स्वर्ण, ३ रजत र ४ कास्य पदक जित्दै नेपालले दोस्रो स्थान हासिल गऱ्यो । त्यस्तै १ स्वणर्, ३ रजत जित्दै बङ्गलादेशले तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी दोस्रो माउन्ट एभरेष्ट योग महोत्सव प्रतियोगितामा पनि भारतले ११ स्वर्ण, ५ रजत र ५ कास्य जित्दै प्रथम स्थान हासिल गरेको छ । १ स्वर्ण, २ रतज र २ कास्य जित्दै साउदी अरब दोस्रो तथा ४ कास्य र ५ रजत जित्दै आयोजक नेपालले तेस्रो स्थान हासिल गर्यो ।

यही जेठ २५ गतेदेखि आयोजना भएको उक्त प्रतियोगितामा नेपाल, भारत, बङ्गलादेश, साउदी अरबलगायत राष्ट्रको सहभागिता रहेको थियो । रासस

# साउदी अरबमा सुरक्षा अधिकारीको हत्या गरेको अभियोगमा तीन जनालाई मृत्युदण्ड

एएफपी

रियाद । साउदी अरबले एक सुरक्षा अधिकारीको हत्या गरेको र 'आतङ्कवादी समूह' खडा गरेको अभियोगमा आइतबार तीन आफ्ना नागरिकलाई मृत्युदण्ड दिएको छ ।

एएफपीका अनुसार यस वर्षको सुरुदेखि अहिलेसम्म साउदी अधिकारीहरूले ५२ जनालाई मृत्युदण्ड दिइसकेका छन्, जसमा २० जना आतङ्कवादसँग सम्बन्धित अपराधमा संलग्न छन् ।

साउदी अरबको गृह मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै तीनै जनाले राजधानी रियादमा एक अधिकारीको हत्या गरेको र उहाँको गाडीमा आगो लगाएर शव जलाएको जनाएको छ ।

उनीहरूलाई आतङ्कवादलाई आर्थिक सहयोग गरेको र हातहतियार, गोलाबारुद र विस्फोटक पदार्थ बनाउन प्रयोग हुने सामग्री राखेको अभियोगमा पनि दोषी ठहर गरिएको मन्त्रालयले जनाएको छ ।

अधिकारीहरूले आइतबार रियादमा मृत्युदण्डको सजाय सुनाएको मन्त्रालयले जनाएको छ । उक्त वक्तव्यमा प्रयोग गरिएको विधिबारे केही उल्लेख गरिएको छैन, तर राज्यले प्रायजसो टाउको छेदन गरी मृत्युदण्ड दिने गरेको छ ।

यस वर्ष 'आतङ्कवाद'का लागि सबैभन्दा बढी मृत्युदण्ड सुन्नी मुस्लिम राज्यको पूर्वी क्षेत्रमा भएको छ, जहाँ शिया अल्पसङ्ख्यक समुदायको बाहुल्यता छ ।

गत महिना साउदी अरबले दुई बहराइनीलाई पनि आतङ्कवादसँग सम्बन्धित अपराधमा मृत्युदण्ड दिएको थियो । साउदी अरब विश्वकै सबैभन्दा धेरै मृत्युदण्ड दिने मुलुकमध्ये एक हो ।

गत वर्ष आतङ्कवादसँग सम्बन्धित अपराधमा १४७ जनालाई मृत्युदण्ड दिइएको थियो, जसमध्ये ८१ जना एकै दिन मारिएका थिए । सामूहिक मृत्युदण्डको घटनाले अन्तर्राष्ट्रिय स्तरमा आक्रोश उत्पन्न गरेको थियो ।

सन् २०१५ मा राजा सलमानले सत्ता सम्हालेयता एक हजारभन्दा बढीलाई मृत्युदण्ड दिइएको बेलायतस्थित रिप्रिभ र युरोपियन साउदी अर्गनाइजेसन फर ह्युमन राइट्सले यसै वर्षको सुरुमा प्रकाशित गरेको प्रतिवेदनमा उल्लेख छ ।

# कम्बोडियाका प्रधानमन्त्रीद्वारा शान्ति सुरक्षामा जोड

सिन्ह्वा

नोम पेन्ह । कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले आगामी महिना हुने आम निर्वाचनका निम्ति शान्ति सुरक्षा कडा पार्न सेनालाई आह्वान गर्नुभएको छ ।

नोम पेन्हको पश्चिमी बाहिरी इलाकामा रहेको शाही कम्बोडियन सशस्त्र बल (आरसीएएफ) एकाइको ब्रिगेड ७० को मुख्यालय नयाँ भवनको उद्घाटन समारोहमा उहाँले सो आग्रह गर्नु भएको हो ।

उहाँले शान्ति राष्ट्रिय विकासको सबैभन्दा महत्त्वपूर्ण शर्त हो भन्दै शान्ति कायम राख्न सेनाहरूले गरेको योगदानको प्रशंसा पनि गर्नु भएको छ ।

"म राष्ट्रिय एकतालाई सुदृढ पार्न र सबै शत्रुतालाई रोक्न सबै तहका स्थानीय अधिकारी, सम्बन्धित निकाय, एकाइ र जनतासँगको असल सहकार्यलाई निरन्तरता दिन ब्रिगेड ७० का कमाण्डर, उपकमाण्डर र सैनिकहरूलाई अपिल गर्न चाहन्छु । उहाँले भन्नुभयो ।

प्रधानमन्त्रीले आरसीएएफ विशेषगरी ब्रिगेड ७० सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षामा मात्र नभई सामाजिक-आर्थिक विकासमा पनि सहयोग गर्ने प्रमुख शक्ति भएको बताउनुभएको छ ।

दक्षिणपूर्वी एसियाली राष्ट्रले जुलाई २३ मा १२५ सिटको राष्ट्रिय सभाको लागि आम निर्वाचन गर्दैछ । राष्ट्रिय निर्वाचन समितिका अनुसार ९७ लाखभन्दा बढी कम्बोडियालीहरूले मतदानका निम्ति नाम दर्ता गराएका छन् ।

# अष्ट्रेलियामा विवाहका पाहुना बोकेको बस दुर्घटना, १० जनाको मृत्यु

एएफपी

अस्ट्रेलिया । अस्ट्रेलियाको सिड्नी नजिकैको लोकप्रिय वाइन क्षेत्रमा विवाह समारोहमा आएका पाहुना चढेको बस अनियन्त्रित भई पल्टिँदा १० जनाको मृत्यु भएको प्रहरीले सोमबार जनाएको छ ।

सेतो रङको उक्त बस स्थानीय एक बगैंचामा विवाह समारोहबाट आएका पाहुनाहरूलाई लिएर जाँदै गर्दा आइतबार अबेर राति बायाँपट्टि खसेको र चोकको प्रवेशद्वारमा ठोक्किएपछि फुटपाथमा पल्टिएको थियो ।

दुर्घटनापछि एक दर्जनभन्दा बढी आपतकालीन कामदारहरू घटनास्थलमा पुगेका र उनीहरूले २० जनाभन्दा बढी मानिसहरू अस्पताल पुऱ्याएका थिए ।

एक बिरामीको अवस्था गम्भीर रहेको र अन्य २० जनाको अवस्था स्थिर रहेको प्रहरीले जनाएको छ । सामाजिक सञ्जालमा शेयर गरिएको विवाहको तस्बिरमा दुर्घटना हुनुभन्दा केही घण्टाअघि स्थानीय बगैंचाको खाली भागमा भेला भई तस्वीर खिचाएका देख्न सकिन्छ ।



कार्यवाहक सहायक आयुक्त ट्रेसी च्यापम्यानले ५८ वर्षीय बस चालकलाई पक्राउ गर्नुअघि अष्ट्रेलियाली कानुन अनुसार अस्पतालमा लगि 'परीक्षण' गरिएको र उहाँलाई नजिकैको सेस्नोक प्रहरी कार्यालयमा हिरासतमा राखिएको बताउनुभएको छ ।

"उनले अनुसन्धानमा सहयोग गरिरहेका छन्र 'योचरणमा चालकविद्ध कुनै आरोप लगाइएको छैन," उहाँले भन्नुभयो । "हामी चालकको व्यवहारका सबै तरिकाहरूको अनुसन्धान गरिरहेका छौं।

च्यापम्यानका अनुसार दुर्घटनामा परेका केही यात्रुहरू शिशा फोडेर दुर्घटनाग्रस्त बसबाट बाहिर निस्किएका थिए ।

विवाहमा सहभागी भएका यात्रुहरु आ-आफ्नो आवासतर्फ जाँदै गरेको अनुमान गरिएको च्यापम्यानले बताउनुभयो । अन्य कुनै पनि सवारी साधनसँग बस ठोकिएको नभई बसले सन्तुलन गुमाएका कारण दुर्घटना भएको थियो ।

# अमेरिका जुलाईदेखि युनेस्कोमा पुनः सामेल हुने

एएफपी

पेरिस । संयुक्त राज्य अमेरिकाले सन् २०१८ मा वासिङ्टनले आफ्नो सदस्यता समाप्त गरेको लामो विवादको अन्त्य गर्दै यस वर्षको जुलाईदेखि युनेस्कोमा पुनः सामेल हुने योजना बनाएको संयुक्त राष्ट्रसङ्घको सांस्कृतिक निकायले सोमबार घोषणा गरेको छ ।

"यो युनेस्को र बहुपक्षीयताप्रतिको विश्वासको बलियो कार्य हो," युनेस्कोका महानिर्देशक अड्रे अजोलेले पेरिसमा सङ्गठनका सदस्य राष्ट्रका प्रतिनिधिलाई वासिङ्टनको पुनः सामेल हुने निर्णयबारे जानकारी दिँदै भन्नुभयो । ।




युनेस्कोको संस्थापक सदस्य संयुक्त राज्य अमेरिकाले यस निकायले प्यालेस्टाइनलाई सदस्य राष्ट्रको रूपमा स्वीकार गर्दासम्म अर्थात् सन् २०११ सम्म युनेस्कोको बजेटमा प्रमुख योगदान गरेको थियो । तर प्यालेस्टाइनलाई सदस्य राष्ट्रका रूपमा स्वीकार गरेपछि अमेरिकाको उक्त निकायसँगको विवाद शुरू भएको थियो ।

सन् २०१७ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायलसँगै युनेस्कोबाट अमेरिका पनि बाहिरिने घोषणा गर्नुभएको थियो । यसको बहिर्गमन सन् २०१८ मा लागू भएको थियो । सन् २०१७ देखि युनेस्कोको नेतृत्व गर्दै आएकी फ्रान्सकी पूर्व संस्कृतिमन्त्री अजोलेले अमेरिकालाई फिर्ता ल्याउनु आफ्नो म्यान्डेटको प्राथमिकतामा राख्नुभएको थियो ।

अमेरिकी उपविदेशमन्त्री रिचार्ड वर्माले एएफपीलाई लेखेको पत्रमा 'राजनीतिकरणको बहसमा ध्यान कम गर्ने' लगायत 'महत्वपूर्ण मुद्दा'मा प्रगति गरेकोमा वासिङ्टन अजोलेप्रति कृतज्ञ रहेको बताउनुभएको छ । सन् २०११ मा युनेस्कोको योगदान स्थगन हुनुअघिसम्म अमेरिकाले युनेस्कोको कुल बजेटको करिब २२ प्रतिशत अर्थात् सात करोड ५० लाख अमेरिकी डलर तिर्दै आएको थियो ।

तर तत्कालीन राष्ट्रपति जो बाइडनको डेमोक्र्याटिक पार्टीको पूर्ण नियन्त्रण रहेको अमेरिकी कंग्रेसले डिसेम्बरमा संयुक्त राज्य अमेरिकालाई १५करोड अमेरिकी डलर बजेटमा छुट्याएर आर्थिक सहायता पुनः स्थापना गर्न मार्ग प्रशस्त गरेको थियो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत मार्चमा युनेस्कोबाट अमेरिका अनुपस्थित हुनुले चीनलाई आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी नियम लेख्न दिएको बताउनुभएको छ ।

" युनेस्कोलाई उपहारको रूपमा होइन हामी युनेस्कोमा फर्कनुपर्छ भन्ने मेरो दृढ विश्वास छ । युनेस्कोलाई उपहारको रूपमा होइन । युनेस्कोमा भइरहेका कुराहरू वास्तवमा महत्त्वपूर्ण छन्," ब्लिन्केनले बजेट प्रस्तुत गर्दा सिनेटको एक समितिलाई भन्नुभयो ।

"उनीहरूले आर्टिफिसियल इन्टेलिजेन्सका लागि नियम, मापदण्ड र मापदण्डमा काम गरिरहेका छन्। हामी त्यहाँ बस्न चाहन्छौं," उहाँले भन्नुभयो ।

अमेरिकाले सन् १९८४ मा युनेस्कोबाट हात झिकेको थियो र करिब २० वर्षपछि सन् २००३ को अक्टोबरमा युनेस्कोमा पुनः सामेल भएको थियो ।

सन् २०२३ मा पुनः सामेल हुने प्रस्तावित योजना अब अन्तिम स्वीकृतिका लागि युनेस्कोका सदस्य राष्ट्रहरूको महासभामा पेश गर्नुपर्नेछ । केही सदस्य राष्ट्रहरू निर्णय गर्न चाँडै असाधारण अधिवेशन होस् भन्ने चाहन्छन् ।

# चक्रवात बिपरजोयको प्रभाव मुम्बइमा पनि, हवाई उडान प्रभावित

सिन्ह्वा

मुम्वई । भारतको आर्थिक राजधानी मुम्बईमा आइतबार साँझदेखि प्रतिकुल मौसमका कारण बिपरजोय चक्रवात तीव्र भएपछि उडान प्रभावित भएको अधिकारीहरूले सोमबार बताएका छन् ।

पूर्व-मध्य र आसपासको उत्तरपूर्वी अरब सागरमा बनेको चक्रवाती आँधी ' बिपरजोय' ले अत्यधिक भीषण चक्रवाती आँधी मुम्बईमा अवतरण भएपछि शहर र वरपरका क्षेत्रमा भारी वर्षा र हावाहुरी चलेको छ । मुम्बई विमानस्थलका केही उडान रद्द वा ढिलो भएको र केहीले अवतरण रद्द गर्नुपरेको र सयौं यात्रुले आफ्नो उडानका लागि घन्टौं पर्खनुपरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

"खराब मौसम र मुम्बई विमानस्थलको धावनमार्ग ०९/२७ अस्थायी रूपमा बन्द हुनुका साथै हाम्रो नियन्त्रणभन्दा बाहिरका अन्य कारणहरूले गर्दा हाम्रा केही उडानहरू ढिलाइ र रद्द भएका छन्," एयर इन्डियाले आइतबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सोमबार मुम्बईको मरिन ड्राइभमा पनि उच्च ज्वारभाटाको लहर देखिएको थियो र तटीय महाराष्ट्रका केही जिल्लाहरूमा आँधीबेहरीको चेतावनी जारी गरिएको छ । भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले चक्रवात 'बिपरजोय' बिहीबार गुजरातको सौराष्ट्र र कच्छ तट पार गर्ने सम्भावना छ, र ती क्षेत्रहरूमा उच्च आँधीको गति १५० किलोमिटर प्रतिघण्टासम्म पुग्ने जानकारी गराएको छ । प्रशासनले तटीय क्षेत्रमा आवश्यक सावधानी अपनाउन नागरिकहरूलाई निर्देशन दिएको छ ।

# अक्सिजनको अभावमा टेक्सासमा हजारौं माछा मरे

सिन्ह्वा

ह्युस्टन । अमेरिकाको टेक्सास राज्यको गल्फ कोस्ट क्षेत्रका समुन्द्री किनारमा दुर्लभ मेन्हाडेन प्रजातीका हजारौं माछाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जनाएका छन् ।

क्विन्टाना तटबीच काउन्टी पार्कबाट करिब ९.७ किलोमिटर टाढा ब्राजोस नदीको मुहान नजिकै ब्रायन बिचको विकट छेउमा मरेका माछाफेला परेको गल्फ कोस्टमा रहेको बिचफ्रन्ट पार्कका अधिकारीहरुले बताएका छन् । शुक्रबारदेखि तटीय पानीमा सयौं मरेका माछा तैरिरहेको तस्बिर सार्वजनिक गरेका निकुञ्जका अधिकारीहरूले सतही पानी र सूर्यको प्रकाशको कमीका कारण अक्सिजनको मात्रा घटेकोले माछाह मरेकोअ बताएका छन् ।

सफाइको प्रयास जारी रहे पनि पानी कम हुँदा अक्सिजनको अभाव भएको र यहाँ अझै हजारौं माछाहरू मर्ने अनुमान गरिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।



सडक छेउमा बिक्रीका लागि राखिएको लिची खरिद गर्दै उपभोक्ता । लिची प्रतिकेजी रु २२० मा खरिद बिक्री भइरहेको छ । *तस्बिर : रासस*

# सहकारीले ल्यायो आफ्नै 'ब्रान्ड'को सिटिसी चिया

झापा । झापाको नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले (एनएमसी)ले आफ्नै ब्रान्डको सिटिसी चिया बजारमा ल्याएको छ । झापा, मोरङ र इलाम जिल्ला कार्यक्षेत्र रहेको उक्त सहकारीले हाल चियासहित पाँचवटा व्यवसाय सञ्चालन गरिरहेको छ । संस्थाले चिया उत्पादन, बचत तथा ऋण, डेरी उद्योग, कृषि फार्म र सहकारी पसल सञ्चालन गरिरहेको छ ।

एनएमसीका अध्यक्ष रामचन्द्र उप्रेतीका अनुसार चिया व्यवसायअन्तर्गत संस्थाले पहिलेदेखि नै अर्थोडक्स चियाअन्तर्गत 'ग्रीन टी' र 'ब्ल्याक टी' बजारमा ल्याएको थियो भने हालै सिटिसी चिया प्याकेजिङ उद्योग सञ्चालनमा ल्याएको हो । एनएमसी टी ब्रान्डमा पाँच सय ग्राम र दुई सय ग्रामका प्याकेट बजारमा उपलब्ध छन् ।

अर्थोडक्स चियाका पारखीको माग अनुसार नै उद्योगले सिटिसी चिया बजारमा ल्याएको र यसलाई चियाका पारखी उपभोक्ताले मन पराइदिने अपेक्षा राखिएको अध्यक्ष उप्रेतीले बताउनुभयो । एनएमसीका चिया नेपाली बगानबाट उत्पादित, उत्कृष्ट, गुणस्तरीय र ताजा रहेको भन्दै उहाँले यसको उत्पादन र प्रशोधनमा चिया विज्ञको परामर्श लिई प्रयोगशाला परीक्षण गरेर मात्र बजारमा पठाइएको जानकारी दिनुभयो ।

संस्थाले विसं २०५२ देखि बचत तथा ऋणको व्यवसाय, विसं २०७२ देखि बहुव्यवसाय, विसं २०७२ वैशाखदेखि एनएमसी डेरी उद्योग र विसं २०७५ मादेखि एनएमसी कृषि फार्म सुरु गरेको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । मेचीनगर-१४ दुहागढीमा १६ बिघा जमिन खरिद गर्नुका साथै १० बिघा भाडामा लिएर कृषि व्यवसाय गरिएको उहाँको भनाइ थियो ।

उहाँका अनुसार विसं २०७६ वैशाखदेखि एनएमसी सहकारीले पसल सुरु गरी हाल १६ स्थानमा पसल सञ्चालनमा छन् । पछिल्लो व्यवसायको रूपमा विसं २०७८ असारदेखि झापाको मेचीनगर-५ स्थित सुरेन्द्रनगरमा एनएमसी चिया उद्योग सुरु गरिएको अध्यक्ष उप्रेतीले बताउनुभयो ।

चिया व्यवसाय विस्तारका क्रममा आर्थिक वर्ष २०७८/७९ मा इलामका तीनवटा चिया सहकारी संस्था (साँघुबैंसी, सिद्धपोखरी र इलामेली)सँग एकीकरण गरी सोही आर्थिक वर्षदेखि किसानद्वारा उत्पादित हरियो चिया पत्ती खरिद र प्रशोधन गर्ने गरिएको उहाँको भनाइ छ ।

आर्थिक वर्ष २०७८/७९ मा ७५ हजार केजी तयारी अर्थोडक्स (ग्रीन टी र ब्ल्याक टी) चिया उत्पादन गरेर स्वदेशी र विदेशी बजारमा बिक्री गरिएको जनाउँदै अध्यक्ष उप्रेतीले आउँदो आवमा त्यसलाई बढाएर दुई लाख केजी पुऱ्याउने लक्ष्य रहेको बताउनुभयो । रासस

# अन्नपूर्ण आधार शिविरमा पर्यटकीय सम्भावनाको खोजी

काठमाण्डु । बेलायतका पर्यटन व्यवसायी स्टोभ बेरीको टोलीले करिब दुई साता अवधि नर्थ अन्नपूर्ण पदयात्रा गरेर फर्कनुभएको छ । बेलायतमा माउन्टेन किङडम्स युके सञ्चालन गर्नुभएका बेरीले नेपालमा ३५ वर्षदेखि पर्यटक पठाउँदै आउनुभएको छ । नर्थ अन्नपूर्ण आधार शिविर क्षेत्रको पर्यटन सम्भावनाको खोजी गर्दै बेरी नेतृत्वको टोलीले अन्नपूर्ण गाउँपालिका-४ नारच्याङदेखि पदयात्रा गर्दै आधार शिविर पुगेका हुन् ।

समुद्री सतहदेखि चार हजार ३०५ मिटर उचाइमा रहेको नर्थ अन्नपूर्णको मुख्य आधार शिविरसम्म पुगेको सो टोलीले नर्थ अन्नपूर्ण आधार शिविर पदयात्राका लागि सुरक्षित र उत्कृष्ट गन्तव्यका रुपमा रहेको निष्कर्ष निकालेको छ । नारच्याङ हुँदै आधार शिविर पुग्ने पदयात्राको अवधि छोट्टिएको सूचना पाएपछि ७४ वर्षिय बेरी आफ्नो कम्पनीका नेपाल प्रतिनिधिको साथमा आफैं पदयात्रा गर्दै आधार शिविर पुग्नुभएको थियो ।

नेपालका अन्य धेरै हिमाली पर्यटकीय ठाउँहरूमा पुगी सक्नुभएका उहाँले नर्थ अन्नपूर्ण पदयात्रा सबैभन्दा उत्कृष्ट लागेको प्रतिकृया दिनुभयो " हामी यहाँ यदयात्राका लागि पर्यटक पठाउन कति सम्भव छ भनेर खोजी गर्न आएका थियौं, यति छोटो दूरीको पदयात्रापछि नै हिमालको फेदीमा पुग्न सकिन्छ भनेर सोचेका पनि थिएनौं, साँच्चीकै हामी अचम्बित भएका छौं''- बेलायतका पर्यटन व्यवसायी बेरीले भन्नुभयो ।

बेरीको पर्यटन व्यवसायीकै टोलीमा सहभागी माउण्टेन लेजेन्ट प्रालिका प्रतिनिधि शेषकान्त शर्माले हिमालका प्रथम आरोही मौरिस हर्जोगले हिमाल आरोहण गर्दा प्रयोग गरेकै बाटोलाई समेटेर पदमार्ग तयार भएकाले पनि यो पदमार्गको ऐतिहासिक महत्व खोज्दै विदेशी पर्यटकहरू आउन इच्छुक रहेको बताउनुभयो ।

"आधार शिविर पुग्ने पदमार्ग पनि सुरक्षित रहेछ, आधार शिविर पुगेपछि पनि प्रशस्त समथर फाँट भएकाले प्राकृतिक विपत्तीकोसमेत कम जोखिम देखिन्छ, यो ठाउँको मनोरम प्राकृतिक दृश्यको प्रचारप्रसार भयो भने यहाँ पर्यटकको आगमन ह्वात्तै बढ्न सक्छ । सोहीअनुसारका पर्यटन पूर्वाधारको तयारीमा जुट्नुपर्ने देखिन्छ", शर्माले भन्नुभयो । उहाँले पदमार्गमा होटल सुविधा विस्तार गर्न आवश्यक रहेको बताउनुभयो ।

नारच्याङदेखि ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्णआधारशिविरपुग्नकालागि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच



पुगेको छ भने हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ । सडक र पदमार्गसँगै पर्यटकका लागि ठाउँ ठाउँमा आश्रयस्थललगायतका पूर्वाधार निर्माण भएपछि म्याग्दीका पर्यटन व्यवसायीसमेत यस क्षेत्रको प्रवर्द्धनमा जुटेका छन् । अन्नपूर्ण प्रवेशद्वारका रुपमा रहेको अन्नपूर्ण गाउँपालिका-२ भुरुङतातोपानीका पर्यटन व्यवसायी अमृतमान शेरचन, राजु हमाललगायतको टोलीलेसमेत स्थलगतरुपमा आधार शिविर क्षेत्रसम्म पुगेर पर्यटन सम्भावनाको खोजी गरेका हुन् । तातोपानीमा पर्यटकहरूको लागि होटल सञ्चालन गर्दै आउनुभएका शेरचनले यात्रा अवधि छोटो दूरीमा भएकाले यस क्षेत्रको प्रचारप्रसार र प्रवर्द्धन गर्नसकेमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

सन् १९५० जुन ३ तारिकका दिन फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो । हर्जोगले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै २०६८ सालमा ' मौरिज हर्जोग पदमार्ग'को पहिचान गरिएको थियो । पदमार्गलगायतका पूर्वाधारहरूको निर्माण भएपछि गाउँपालिकाले पदमार्ग र आधार शिविरको प्रवर्द्धन अभियान थालेको गाउँपालिका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । उहाँले यस क्षेत्रको प्रचारप्रसार तथा थप पर्यटन पूर्वाधार बनाउन पालिकाले आवश्यक पहल थालिसकेको जानकारी दिनुभयो ।

नर्थ अन्नपूर्ण हिमालको आधार शिविर पुग्न मुस्ताङको टुकुचे हुँदै नारच्याङको भुसकेटमेला निस्कने परम्परागत वाटो जोखिमपूर्ण भएपछि नारच्याङका पर्यटन व्यवसायी तेज गुरुङको अगुवाईमा २०६८ सालमा स्थानीयकासीको टोलीले चार दिन लगाएर आधार शिविर पुगेपछि अहिलेको पदमार्गको पहिचान भएको थियो । स्थानीय १५ जनाको टोलीले ६२ ठाउँमा अस्थायी साँघु बनाउँदै खोला वारपार गर्दै आधार शिविर पुगेर फर्किएका थिए ।

सन् २००५ मा अन्नपूर्णका प्रथम आरोही मौरिस हर्जोग हेलिकप्टरमार्फत नारच्याङ आएर यो पदमार्गको विकासमा चासो राखेपछि स्थानीयबासीले सक्रियता बढाएका थिए । २०६७ सालमा अन्नपूर्ण आधार शिविरसहित भुरुङतातोपानी र रुप्से झरनालाई प्रचारप्रसारका लागि अन्नपूर्ण तातोपानी रुप्से महोत्सवसमेत आयोजना गरियो । पछि पर्यटन मन्त्रालयमार्फत बजेट विनियोजन हुन थालेपछि नारच्याङ गाउँदेखि छोटेपा हुँदै हुमखोला क्षेत्रमा पैदलमार्ग बनाउन सुरु गरिएको थियो । अहिले जलविद्युत् कम्पनीले यस क्षेत्रमा सडकको पहुँच पुऱ्याइसकेका छन् ।

विसं २०७६ मा गाउँपालिकाले नारच्याङमा प्रथम अन्नपूर्ण पर्यटन महोत्सव समेत आयोजना गरेको थियो । अहिले अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्ग निर्माण कार्य सकिएको छ भने ठाउँठाउँमा झोलुङ्गे पुल निर्माण भएको छ । अन्नपूर्ण आधार शिविरमा पुग्ने पदमार्ग, झोलुङ्गे पुल, आश्रयस्थललगायतका पूर्वाधार बनाउन पर्यटन मन्त्रालयले पटक-पटक गरेर रु दुई करोड ८० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले रु ४० लाख बढी लगानी गरिसकेको पर्यटन व्यवसायी गुरुङले जानकारी दिनुभयो । पदमार्गअन्तर्गत आधार शिविर, धरमढुङ्गा, भुसकेटमेला, गुफाफाँट, संधिखर्क, हुमखोला र छोटेपामा आश्रयस्थल निर्माण भैसकेको छ । आधार शिविर, भुसकेटमेला र गुफाफाँटमा थप आश्रयस्थल बनाउन स्थानीयबासीले माग गरेका छन् ।

अन्नपूर्ण आधार शिविर अन्य आधार शिविरभन्दा समथर भागमा रहेको छ । वरिपरि अन्नपूर्ण, अन्नपूर्ण फ्रेन्क, तिलिचो पिक, वराहशिखर र नीलगिरि साउथ हिमालबाट घेरिएर बनेको आधार शिविरको उपत्यका मनमोहक छ । हिमालको फेदीमा रहेको विशाल पञ्चकुण्ड ताल यहाँको थप आकर्षण हो । करिब २० हजार बर्गमिटर क्षेत्रफलमा फैलिएको पञ्चकुण्ड तालमा आकासे नीलो रंगको पानीको दृष्यले पर्यटकहरूलाई लोभ्याउने गर्छ ।

आधार शिविरमा पुगेपछि पर्यटकहरूले एकै ठाउँबाट फन्को मारेर दर्जनौं हिमशृङ्खलाको अवलोकन गर्न पाउँछन् । आफ्नै शिरमा हिमाल देख्न पाउँदा पर्यटकहरू फुरुङ्ग हुन्छन् । पदमार्गमा पर्ने फुतफुते झरना यहाँको अर्को मुख्य आकर्षणको रुपमा रहेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । आधार शिविरकै पञ्चकुण्ड तालको पानी बगेर आउने मिस्त्रीखोलाको पानीले पहाडलाई काटेर झर्ने भएकाले फुतफुते झरना मनमोहक देखिन्छ ।

यस पदमार्गमा पञ्च झरना, रातो झरनासँगै पहाड नै प्वाल परेको देखिने आकासे गुफा समेत पर्यटकको आकर्षणका रुपमा रहेको सुवेदीले जानकारी दिनुभयो । यस पदमार्गको हुमखोलादेखि भुस्केटमेला क्षेत्रसम्मको फाँटमा फुल्ने फुच्चे गुराँसका रुपमा परिचित रोडोडेन्ड्रन कोवानियम प्रजातिको गुराँसको फूल पर्यटकको थप आकर्षण हो । नेपालमा मात्रै पाइने रैथाने गुराँसको प्रजातिका रुपमा रहेको गुराँसको फूल पदमार्गको दायाँबायाँका पाखामा प्रशस्तमात्रामा भेटिन्छन् ।

पदमार्गमा लौठसल्ला, भोजपत्रका हिमाली रुख विरुवासँगै यार्सागुम्बालगायतका जडीबुटी, नाउर, झारल, मृग, हिउँचितुवा पुच्छर नभएको लिँडे मुसा, डाँफे, मुनाललगायतका बन्यजन्तु र पंक्षीहरूहरूलाई समेत अवलोकन गर्न सकिने स्थानीय पर्यटन व्यवसायी तेज गुरुङ बताउनुहुन्छ । गाउँपालिकाको केन्द्र पोखरेबगरबाट हुमखोलासम्म सवारी साधन र २२ किलोमिटर पैदलयात्रामा सजिलै पुग्न सकिने अवस्था बनेको र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेकाले प्रचारप्रसार र थप पूर्वाधार निर्माणमा पहल थालिएको गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले जानकारी दिनुभयो । हिमाल आरोहणमा सबैभन्दा कठिन मानिने अन्नपूर्ण हिमालको आधार शिविर पुग्न भने सबैभन्दा सहज बनेपछि अहिले यस क्षेत्रमा देशका विभिन्न ठाउँबाट अवलोकन र भ्रमणको लागि आउनेहरू बढेका छन् ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आधार शिविर क्षेत्रमा होटल, खानेपानी, सञ्चार र शौचालयको अभाव छ । यस पदमार्गको हुमखोलासम्म सामान्य होटल रहेपनि त्यहाँदेखि आधार शिविरसम्मको क्षेत्रमा कुनै पनि होटल सुविधा छैन । होटल नहुँदा आरोहण र भ्रमणमा जाने पर्यटकले खाना र बसोबासको बन्दोबस्तको सामग्री आफैं बोकेर लैजानुपर्ने बाध्यता छ ।

पदमार्ग, आश्रयस्थललगायतका पूर्वाधार निर्माणसँगै आधार शिविर क्षेत्रको भ्रमणमा आउने पर्यटकहरूको सङ्ख्या बढ्दै गएको अवस्थामा आधार शिविर क्षेत्रमा खानेपानी र शौचालयको अभाव रहेको नारच्याङका वडा अध्यक्ष लोक बहादुर फगामीले बताउनुभयो । पर्यटकको आपतकालिन आश्रयका लागि आश्रयस्थलसम्म निर्माण भएको भएपनि पर्यटक पाल राखेर बस्ने मुख्य आधार शिविरमा खानेपानी र शौचालयको अभाव रहेको उहाँको भनाइ छ ।

आश्रयस्थल रहेको आधार शिविर नजिकै रहेको पञ्चकुण्ड तालकै पानीलाई मुख्य आधार शिविरमा बोकेर पुऱ्याउने गरिएको छ । आरोहणका लागि आउने पर्यटकहरूलाई पालमा राखेर बन्दोबस्त मिलाउँदै आउनुभएका सेभेन समिट ट्रेक्सका रवि तामाङले दैनिक रुपमा एक घण्टा लगाएर तालबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो । उहाँले यस आधार शिविर र पदमार्गको अर्को मुख्य समस्या सञ्चारको पहुँच नभएको बताउनुभयो ।

पदमार्गको हुमखोला क्षेत्रसम्म सञ्चारको पहुँच भए पनि त्यहाँदेखि आधार शिविरसम्म नै कुनै पनि सञ्चारको पहुँच छैन् । आपतविपत्मासमेत सूचना प्रवाह गराउन घण्टौं पैदल हिँडेर मोवाइल फोन लाग्ने ठाउँसम्म पुग्नुपर्ने बाध्यता रहेको पदप्रदर्शकहरू बताउँछन् । पदमार्गअन्तर्गत रहेको फुतफुते झरना नजिकको झोलुङ्गे पुल जीर्ण बनेको छ भने रातोझरना र आधार शिविरको पञ्चकुण्ड तालको पानी बगेर बनेको मिस्त्रीखोलामा झोलुङ्गे पुल बनाउन आवश्यक छ । रासस

# नयाँ स्टक र ब्रोकर लाइसेन्सबारे धितोपत्र बोर्डसँग जवाफ माग्ने अर्थ समितिको निर्णय

काठमाण्डु । सरकारको निर्देशनपछि रोकिएको नयाँ स्टक एक्सचेञ्जको अनुमति (स्टक लाइसेन्स) र नेपाल धितोपत्र बोर्डले अघि बढाइसकेको नयाँ धितोपत्र दलाल अनुमति (ब्रोकर लाइसेन्स) प्रक्रियाबारे प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले बोर्डसँग जवाफ माग्ने भएको छ ।

अर्थ समितिको सोमबारको बैठकले धितोपत्र बोर्डलाई यी विषयमा छलफलका लागि बोलाउने र जवाफ माग्ने निर्णय गरेको समितिको सभापतित्व गर्नुभएका ज्येष्ठ सदस्य सन्तोष चालिसेले जानकारी दिनुभयो ।

"पुँजीबजारबारे यसअघि अर्थ समितिअन्तर्गतको उपसमितिले अध्ययन गरेर प्रतिवेदन दिइसकेको छ । त्यसको कार्यान्वयन अवस्था र नयाँ स्टक तथा ब्रोकर लाइसेन्सबारे बोर्डलाई छलफलमा बोलाउने निर्णय भएको छ", उहाँले भन्नुभयो ।

अर्थ समितिले जेठ ७ गते धितोपत्र बोर्डलाई पत्र लेख्दै नयाँ स्टक र ब्रोकर लाइसेन्स वितरण तथा अर्थ समितिले तयार पारेको सुझाव प्रतिवेदन कार्यान्वयनको अवस्थाबारे जानकारी मागेको थियो । धितोपत्र बोर्डले अर्थसमितिलाई जेठ १२ गते जवाफ पठाएपनि समितिको सोमबारको बैठकमा बोर्डलाई बोलाएरै जवाफ लिनुपर्नेमा सांसदहरूको धारणा थियो । धितोपत्र बोर्डले दिएको जवाफ अपूर्ण र अमूर्त रहेकाले समितिमा छलफलका लागि बोलाएरै जवाफ लिनुपर्नेमा उहाँहरूले जोड दिनुभएको थियो ।

समितिको पत्रबारे बोर्ड सचेत नभएको र पत्राचार गरेपछि थप ब्रोकर लाइसेन्स बाँडिएका विषयमा छानविन गरिनुपर्ने धारणा सांसद पदम गिरीले राख्नुभयो । "नयाँ स्टक एक्सचेञ्जको लाइसेन्सबारे अर्थसमितिअन्तर्गतको उपसमितिले दिएको सिफारिस सुनुवाइ भएन ।

> मिटरब्याज पीडितका समस्या, सहकारी र लघुवित्त कम्पनीको बचतकर्ता तथा ऋणीको समस्यालाई पनि गम्भीर भएर समितिमा छलफल गरिनुपर्ने धारणा सांसदहरूको रहेको थियो ।

समितिबाट पत्राचार भएकै दिन र त्यसपछि पनि ब्रोकरबाट लाइसेन्स बाँडिएको छ", उहाँले भन्नुभयो, "यसरी लाइसेन्स बाँड्दा न्यूनतम मापदण्ड पालना भएको छ कि छैन भनेर हेरिनुपर्छ । यसमा पारदर्शिताको प्रश्न उठेको छ ।" नयाँ स्टक र ब्रोकर लाइसेन्सबारे अर्थ समितिमा उजुरीसमेत परेकाले उपसमिति बनाएर छानबिन गर्नुपर्ने माग पनि सांसद गिरीले गर्नुभयो ।

ज्ञानेन्द्रबहादुर कार्की, ज्ञानबहादुर शाही, नारायणी शर्मा, जुलीकुमारी महतो (महासेठ), मेटमणि चौधरी, नारायणप्रसाद आचार्य, पूर्णबहादुर तामाङ, गङ्गा कार्कीलगायत सांसदहरूले पनि नयाँ स्टक र धितोपत्र लाइसेन्सको प्रक्रियाबारे थप छलफल आवश्यक रहेको धारणा सोमबारको बैठकमा राख्नुभएको थियो ।

त्यसैगरी मिटरब्याज पीडितका समस्या, सहकारी र लघुवित्त कम्पनीको बचतकर्ता तथा ऋणीको समस्यालाई पनि गम्भीर भएर समितिमा छलफल गरिनुपर्ने धारणा सांसदहरूको रहेको थियो । त्यस्तै समितिमा छलफल गरिने एजेन्डाबारे सदस्यलाई पूर्वजानकारी दिने र समितिमा परेका उजुरीलाई प्राथमिकता निर्धारण गरेर छलफल तथा छानबिनका लागि लैजाने विषयमा पनि सोमबारको बैठकमा छलफल भएको थियो । रासस


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मितिः २०८०/०२/३०**

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक ली.) बर्दिवास, शाखाबाट सिटिजन्स व्यापार अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**कर्जा शिर्षक : अधिविकर्ष कर्जा**
**ऋणीको नाम : स्नेहा कस्मेटिक स्टोर्स**
रजिष्टर्ड ठेगाना : गणेशमान चारनाथ न.पा.-६, धनुषा
रजिष्ट्रेशन नं. : १०७१३/५५३/०७४/७५ (घरेलु तथा साना उद्योग कार्यलय, धनुषा)
पान नं. : ६०७४१२५३४

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**
**नाम : पुनम देवि हाथी**
बाबु : शिवनाथ महतो
ससुरा : सिताराम भन्ने जुगेश्वर हाथी सुडी
पति : हुकुम देव हाथी
ठेगाना : जनकपुर-१५, धनुषा
हालको ठेगाना : गणेशमान चारनाथ न.पा.-६, धनुषा
ना.प्र.नं : १७११०२।१५
जारी मिति : २०६४/०१/१२
जि.प्र.का. : धनुषा

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : हुकुम देव हाथी**
बाबु : सिताराम भन्ने जुगेश्वर हाथी सुडी
बाजे : विलट हाथी
पत्नि : पुनम देवि हाथी
ठेगाना : जनकपुर-१५, धनुषा
हालको ठेगाना : गणेशमान चारनाथ न.पा.-६, धनुषा
ना.प्र.नं : ३९६९४८४३
जारी मिति : २०६२/०९/०४
जि.प्र.का. : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः– पुनम देवि हाथी**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | तल्लो गोदार | ३ख | ८६४ | ०-०-८-८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | ८१० | ०-०-२-९ | |
| | | | ७५४ | ०-०-१०-० | |

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# राजीनामा बुझाउन गएकी मन्त्री यादव गेटबाटै फर्किन

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई राजीनामा बुझाउन मुख्यमन्त्रीको निवासमा पुगेकी उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव गेटबाटै नै फर्केकी छन् ।

पार्टीको संसदीय दलको निर्णय अनुसार सोमबार साढे ५ बजे राजीनामापत्र बुझाउन मुख्यमन्त्री यादवको निवसामा पुगेर मन्त्री यादव रितै हात फर्केकी छन् । गत जेठ ९ गते नै नेकपा माओवादी केन्द्रको प्रदेशका संसदीय दलले सरकार छोडने निर्णय गरेको थियो ।

दलले निर्णय गरे पनि मन्त्रीहरुले राजीनामा दिएका थिएन । सोमबार नै संसदीय दलका नेता भरत प्रसाद साहले राजीनामापत्र बुझाउन निर्देशन दिएपछि मन्त्री यादवले राजीनामापत्र लिएर मुख्यमन्त्री निवास पुगेकी थिइन । तर मुख्यमन्त्री यादव गृह जिल्ला बारामा रहेको र सोमबार आउने नसक्ने भनेपछि उनी निवास फर्केकी थिइन ।

दलका नेता साहले पनि मुख्यमन्त्री यादव जनकपुर वाहिर रहेकोले मंगलबार विहान आफ्ना मन्त्रीले राजीनामापत्र बुझाउने बताए ।

प्रदेश सरकारमा माओवादी केन्द्रबाट उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव र राज्य मन्त्रीमा रहबर अन्सारी रहेका छन् । सहमति अनुसार मुख्यमन्त्रीले थप एक मन्त्रालय नदिएपछि माओवादी केन्द्र सरकार छोडन लागेको छ ।

## सार्वजनिक स्थलमा जडान गरिएको १ सय ६ वटा क्यामरा बिग्रियो

# सुरक्षामा थप चुनौती थपिएको एसपी खड्काको भनाइ

धुबकुमार झा



जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको विभिन्न चोक,बजार र राजमार्गमा क्षेत्रमा राखिएका सिसिटिभी क्यामरा बिग्रिएर काम नलाग्ने भएको छ ।

सुरक्षाको दृष्टिकोणले संवेदनशील मानिएको धनुषाको विभिन्न सार्वजनिक स्थलमा राखिएको सिसि क्यामरा मर्मत गर्ने, नयाँ जडान गर्ने कुनै प्रयास भएको देखिएको छैन ।

करीब चार वर्ष अगाडि जनकपुरधाम उपमहानगरपालिका तथा प्रदेश सरकारको बजेटबाट धनुषा जिल्लाको विभिन्न स्थानमा २ सय ४० वटा सिसिटिभी क्यामरा जडान गरिएको थियो । सो मध्ये १ सय ६ वटा क्यामरा बिग्रेर काम नलाग्ने भएको बताइएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको मुजेलियामा जडान गरिएको चार,भ्रमर पुरा चोकको चार,बसपार्कको पाँच,शिव चोकको ४,कदम चोकको १०,जनक चोकको दुई,रामानन्द चोकमा राखिएको तीन गरी ३२ वटा सिसिटिभी क्यामरा बिग्रेर काम नलाग्ने भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



त्यस्तै,जनकपुर ढल्केबर सडक खण्ड तथा महेन्द्रनगर क्षेत्रमा जडान गरिएको ३३ वटा क्यामरा बिग्रेर काम नलाग्ने भएको छ भने १ सय ३४ वटा क्यामरा अझै पनि चालु अवस्थामा रहेको बताइएको छ ।

त्यसैगरी,सिसि क्यामराको दृश्यावलोकनका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको कन्ट्रोल रुममा राखिएको एलइडी विग्रेकोसमेत लामो समय वितिसक्दा पनि कुनै निकायको ध्यानाकर्षण हुन सकेको छैन ।

सुरक्षाको दृष्टिकोणले संवेदनशील जिल्लाको रुपमा रहेको धनुषा जिल्लाको सिसि क्यामराको यो हालत हुनुले सुरक्षा जस्तो संवेदनशील विषयमा नयाँ प्रविधिको प्रयोगप्रति भइरहेको चरम वेवास्तालाई झल्काएको जनगुनासो छ ।

सडक एवम् सार्वजनिक थलोमा हुने कुनै प्रकारको घटनाको प्रमाण तयार गर्न सक्ने सिसिटिभी क्यामरा नै काम नलाग्ने भएपछि हाम्रो 'आँखा'नै कमजोर भएको महसुस भइरहेको धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए ।

'सिसि क्यामराको सहायताले सीमा क्षेत्रमा हुने तस्करी,अपराधिक व्यक्तिहरूको गतिविधि र दुर्घटनामा संलग्नको पहिचान तथा नियन्त्रणमा ठूलो मद्दत पुग्छ । तर यहाँको आधि जति सिसिटिभी क्यामरा बिग्रेकोले सो क्षेत्रको सुरक्षा व्यवस्थापनमा झनै चुनौती थपिएको प्रहरी उपरीक्षक खड्काले प्रष्ट पारे ।

अपराधिक गतिविधि नियन्त्रणमा सिसि क्यामरा महत्वपूर्ण भएको हुँदा जनकपुरधाम उपमहानगरपालिकाले केही दिन अघि २ लाख ५० हजारको लागतमा सिसिटिभी कन्ट्रोल रुमका लागि ब्याट्री ब्याकअपका लागि १० वटा ब्याट्रा प्रदान गरेको मेयर मनोज कुमार साहले जानकारी दिए ।

अहिले क्यामरा मर्मत शीर्षकमा कुनै रकम नरहेकोले चालु आर्थिक वर्षमा सिसिटिभी क्यामराको लागि केही गर्न नसकिने तर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममै मर्मत सम्भारको लागि बजेट विनियोजन गरिने प्रतिबद्धता उनले व्यक्त गरे ।

विग्रिएका सिसि क्यामरा मर्मत गर्नुभन्दा गुणस्तरीय क्यामेरा खरिद गरेर जडान गर्नेतर्फ प्रयास भइरहेको उनले बताए ।

क्यामरा विग्रिदा, घटना भएपछि पनि कारबाही गर्ने आधार प्रमाण नै नरहने गरेकोले केही घटनाको अनुसन्धानमासमेत समस्या हुने गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी वेदप्रसाद गौतमले जानकारी दिए ।

यता नगर क्षेत्रमा सिसि क्यामरा आवश्यक रहेकोले यसको तत्काल मर्मत गर्नुपर्ने मधेश प्रदेशका सांसद दीपेन्द्र ठाकुरको कथन छ ।

सुरक्षाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण टुलको रुपमा रहेको सिसिटिभी क्यामराको व्यवस्थापनका लागि प्रदेश सरकारले तत्काल कदम चाल्नुपर्ने उनले बताए । 'क्यामेरा जडान गर्नु नै ठूलो कुरा होइन,' उनले भने, 'जडानसँगै मर्मतका लागिसमेत स्रोत चाहिन्छ । त्यसको पनि जोहो हुनैपर्छ ।

# राष्ट्रिय भारतोलनका लागि खेलाडी छनोट

टुडे समाचारदाता

राजविराज । आगामी जेठ ३२ देखि गण्डकी प्रदेशको पोखरामा हुने राष्ट्रिय महिला तथा पुरुष भारतोलन प्रतियोगितामा मधेश प्रदेशबाट सहभागी हुने ८ खेलाडी छनोट गरिएको छ ।

छनोट भएका ८ मध्ये ६ जना सप्तरीकै खेलाडी रहेका छन् । महिलातर्फ विभिन्न तौल समूहमा छनोट भएकी अम्बिका यादव, संतोषी कुमारी यादव र नेहा यादव सबै सप्तरीकी छन् ।

यस्तै,पुरुषतर्फ छनोट भएका ५ जना मध्ये ३ जना सप्तरी कै छन् । जिल्ला खेलकुद विकास समिति सप्तरीका भारतोलन सहायक प्रशिक्षक पुन्तीलाल यादवका अनुसार पुरुषतर्फ सप्तरीका हेम नारायण यादव, अनुराग प्रताप सिंह र संजय यादव तथा पर्साका सजामुदिन आलम र आसिक हुसैन छनोट भएका छन् ।

मधेश प्रदेश टिममा सप्तरी र पर्सा बाहेक अन्य जिल्लाका खेलाडी छनोटमा पर्न असफल भएको उनले जानकारी दिए ।

जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख एवम् भारतोलनका पूर्व प्रशिक्षक दिनेश भूजेलले टिममा महिलातर्फ छनोट भएका तीनै जना सप्तरीको परेको बताउँदै यसले गर्व महसुस भएको सुनाए ।

उनले प्रतियोगितामा मधेश प्रदेश टिमबाट सहभागी हुने अधिकांश खेलाडीले स्वर्ण पदक ल्याउने दाबीसमेत गरे ।

टिमको प्रशिक्षकमा रहेका पुन्तीलाल यादवले मधेशमा त्यसमा पनि भारतोलन खेलमा महिला भित्र्याउनु सामान्य कुरा न भएको बताउँदै तीनवटै महिला खेलाडी मात्र होइन । टिममा सहभागी सबै खेलाडीले कुनै न कुनै पदक ल्याइ छाड्ने दाबी गरे ।

# गैससको प्रदेश समिति चयन

टुडे समाचारदाता

जनकपुरधाम । गैर सरकारी संस्था महासंघ नेपालको मधेश प्रदेश समितिको चयन गरिएको छ ।

जनकपुरधाममा दुई दिनसम्म चलेको अधिवेशनबाट ९ सदस्यीय मधेश प्रदेश समिति चयन गरिएको सदस्य रामबाबु साहले जानकारी दिए । चयन गरिएको समितिमा नरेश जयसवाल,प्रमोद घिमिरे,घनश्याम श्रेष्ठ,लक्ष्मण यादव,कबिता कुमारी चौधरी,प्रमिला गिरि तथा सीमा खड्काको रहेका छन् ।

समितिले सोमबार प्रेस विज्ञप्ति जारी गरी समिति चयन भएको जानकारी गराएको छ ।

# बैंकका लुटेरा अझै फरार

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको महोत्तरी गाउँपालिका २ बजारस्थित एनएमबी बैंक लुटिएको दुई साता वितिसकेको छ । तर लुटेराहरु अझै प्रहरीको पहुँच बाहिर रहेका छन् ।

यही जेठ १६ गते दिनदहाडै हतियारसहित चार जनाले बैंक लुटेका थिए । लुटेराहरु अझै पक्राउ नपर्दा नागरिक निरास हुनुका साथै जिल्लाको सुरक्षामा प्रश्न खडा भएको छ ।

महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले सो विषयको अनुसन्धान अन्तिम चरणमा रहेको बताए ।

उनका अनुसार लुटेराहरुको विषयमा प्रमाण फेला परिसकेको छ । उनीहरुको पहिचान पनि भइसकेको छ । एक साताभित्र लुटेरा सार्वजनिक गर्ने उनको दाबी थियो । तर हालसम्म यस विषयमा कुनै पनि व्यक्ति पक्राउ परेका छैनन् ।

'हामी अनुसन्धानको नजिकमा छौं । लुटेराहरु मुखमा मास्क लगाएको कारण पत्ता लगाउन केही ढिलाइ भएको छ,'उनले भने,' हामी चाँडै उनीहरुलाई सार्वजनिक गर्छौं । अव पहिचान भइसकेको छ ।' मानवीय, प्राविधिक र व्यवहारिक तरिकाबाट अनुसन्धान भइरहेको उनले बताए । बैंकबाट १५ लाख एक हजार चार सय ९३ रुपैयाँ मात्रै लुटिएको उनले बताए ।

लुटेराहरु मास्क लगाएर गत जेठ १६ गते मध्यान्ह १२ बजेर २५ मिनेटमा हतियारसहित चार जना बैंक प्रवेश गरेको सीसीटिभी फुटेजमा देखिन्छ ।

उनीहरु सबैको मुखमा मास्क र हातमा हतियार राखेका थिए । उनीहरुले सुरुमा काउन्टर बाहिरबाट एक कर्मचारीलाई पेस्तोल देखाएका थिए ।

त्यसपछि ग्राहकलाई एक ठाउँमा उभाएर उनीहरू काउन्टरभित्र प्रवेश गरेको थिए । लुटेराहरु एक ग्राहकको कपडा लिइ भित्र गइ पैसा संकलन गरेका थिए । केहीबेरमा त्यही कपडामा पैसा पोको पारेर ल्याएका थिए ।

# बालश्रम शोषण गर्नेमाथि कारबाहीको माग




टुडे समाचारदाता

जनकपुरधाम । बालश्रम गर्ने गराउनेमाथि कडा कारबाही गर्नुपर्ने माग गरिएको छ ।

बाल श्रम विरुद्धको दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा जनकपुरधाममा सोमबार आयोजित जनचेतनामूलक कार्यक्रमका वक्ताहरुले सो माग गरेका छन् ।

कार्यक्रममा सहभागी विभिन्न वार्डका वडा अध्यक्ष,सामाजिक अभियन्ताहरुले जनकपुरधामको पसल पसलमा बालश्रमिक काम गरिरहेको बताउँदै बाल श्रमिक राख्नेहरुमाथि कडा कारबाही गर्नुपर्ने माग गरे ।

कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले देशभरिमा अझै पनि ११ लाख बालबालिका श्रमको शिकार भएको र यो देशको लागि दुर्भाग्यपूर्ण अवस्था हो बताए ।

धनुषा जिल्लाभरिमा बाल श्रमिक नराख्न कडा निर्देशन दिएको र निर्देशन नमान्ने व्यापारी व्यवसायीलाई कडा कारबाही गरिने प्रतिबद्धता उनले व्यक्त गरे ।

कार्यक्रममा धनुषाका प्रहरी प्रमुख विश्वराज खड्काले बाल श्रम गरेको देखेपछि जो सुकैले पनि प्रहरीलाई खबर गरे दोषीलाई कारबाही गरिने बताए ।

अहिले दर्जनौको संख्यामा नाबालिक प्रेमी जोडीको समस्या दिनहुँ जिल्ला प्रहरी कार्यालयमा आउने गरेको जानकारी दिँदै उनले भने,'नाबालिकहरु प्रेममा फँसेर जीवन वर्वाद गरिरहेका छन् यसमा अभिभावकहरु पनि चिन्तित हुनसक्नुपर्छ ।'

त्यस्तै चोरीलगायतको घटनामा पक्राउ पर्ने अधिकांश व्यक्तिहरु लागूऔषध दुर्व्यसनमा परेको देखिएको बताउँदै उनले बालबालिकाहरुलाई लागूऔषधको दुर्व्यसनमा नपर्न आग्रह गरे ।

लागूऔषधको प्रयोगले जीवन नै नष्ट हुने भएकोले यसप्रति सानै उमेरदेखि सचेत हुनुपर्ने आवश्यकता उनले औंल्याए ।

# कार्यकक्षमै थुनिए क्याम्पस प्रमुख

टुडे समाचारदाता



लहान । सिरहामा सूर्यनारायण सत्यनारायण मोरबैता बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख एवम् प्राध्यापक कार्यकक्षमै थुनिएका छन् । सोमबार जनमत विद्यार्थी संघले उनीहरुलाई कार्यकक्षमै एक घण्टा थुनेका थिए ।

स्ववियू निर्वाचनमा निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गर्नुपर्ने माग गर्दै क्याम्पस प्रमुख र प्राध्यापकलाई थुनिएको सभापति दीपेन्द्र यादवले जानकारी दिए ।

उनका अनुसार क्याम्पस प्रशासनले निर्वाचित भएको दुई महिना वितिक्सदासमेत प्रमाणपत्र दिएका छैनन् । क्याम्पस प्रमुख रामहित यादव, सहायक क्याम्पस प्रमुख ब्रह्मदेव यादव, प्रशासन प्रमुख प्रदीप यादव र निर्वाचन समितिका सदस्य देवशंकर यादवलाई उनीहरुले कार्यकक्षमा थुनेका थिए ।

गत चैत ५ मा भएको स्ववियू निर्वाचन भएको थियो । उक्त निर्वाचनमा निर्वाचित भएको प्रमाणपत्र र स्ववियू पदाधिकारी बस्ने कार्यकक्षको निम्ति आग्रह गर्दा वेवास्ता भएपछि तालाबन्दीमा उत्रिनुपरेको सभापति यादवले बताए ।

कार्यकक्षमै उनीहरुलाई एक घण्टा थुनेपछि ताला खोलिएको थियो । सबै प्रक्रिया पुऱ्याएर उनीहरुलाई प्रमाणपत्र उपलब्ध गराउने क्याम्प्स प्रमुखको आश्वासन छ ।

यता नेविसंघ, विद्यार्थी फोरम लगायतले निर्वाचनमा धाँधली भएको भन्दै आन्दोलनमा रहेको छ । जसले गर्दा क्याम्पसमा पटकपटक तालाबन्दी हुने गरेको छ । क्याम्पस प्रमुख यादवले सबै विद्यार्थी संगठनलाई वार्ताबाट सहमतिमा आउन आग्रह गरे पनि सहमति हुन नसकेको बताए ।

निर्वाचनको परिणाम घोषणा भएपछि अरू विद्यार्थी संगठनको अवरोधको कारणले प्रमाणपत्र हस्तान्तरणमा ढिलाइ भइरहेको बताए ।

नेविसंघका क्याम्पस इकाइ सभापति नवरत्न साहले स्ववियू निर्वाचनमा फर्जी विद्यार्थी फेला परेको र क्याम्पस प्रशासनको मिलेमतोमा जनमत विद्यार्थी संगठन निर्वाचित भएको दाबी गर्दै छानबिन गर्न माग गरिरहेको बताए ।

**बालविवाह अन्त्य गरौं**

नेपालको कानुन अनुसार २० वर्ष नपुगी गरिने विवाह दण्डनीय हो । २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वतः बदर हुने छ । साथै कसुर गर्ने जो कोही व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था छ । बालविवाह सामाजिक तथा कानूनी अपराध हो । यसलाई अन्त्य गर्न हामी सबै आ-आफ्नो तवरबाट भूमिका निर्वाह गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जय अम्बे जेनरल सप्लायर्स प्रा.लि., मिथिला नगरपालिका ढल्केवर-६ को लागि तपसिलमा उल्लेखित कर्मचारी आवश्यक भएको काम गर्न इच्छुक र योग्य व्यक्तिहरुले सात दिन भित्र आफ्नो शैक्षिक योग्यता, बायोडाटा सहित सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.नं. | पद | माग संख्या | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | सहायक लेखापाल | १ | बीबीए वा बीबी एस | २ देखी ५ वर्ष |

तलब सुविधा:- आकर्षक

ईमेल आईडी र सम्पर्क नं.:-
jayambegeneralsuppliers.021@gmail.com
9802307716/9801671846

भव्य शुभारम्भ

मंगलम डाइग्नोस्टिक सेन्टर प्रा.लि.
AN ISO 9001:2015 प्रमाणित प्रयोगशाला

उद्घाटन समारोह
बुधबार
२०८०/०२/३१
२०२३/०६/१४
रगत संकलन: बिहीबार
२०८०/०२/३२
२०२३/०६/१५ देखि
हॉस्पिटल रोड, जनकपुरधाम
Email: contact@mangalamdiagnostic.com,
website: www.mangalamdiagnostic.com
Phone:+977 041-591060/9801253530
OPENING HOURS - 6AM TO 7PM
Follow Us On

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८